# बाह्रौ राष्ट्रिय जनगणना २०७८
# आदिवासीका लागि
# किन महत्वपूर्ण ?



जानकारी पुस्तिका
(प्रश्नोत्तरको रूपमा)

INDIGENOUS NAVIGATOR

Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples
LAHURNIP
1995
Kathmandu, Nepal

**प्रकाशक:**
नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
अमनामनगर, काठमाडौं
**पो.ब.नं:** ११९७९
**फोनं:** +९७७ ०१ ५७०५५१०
**ईमेल:** lahurnip.nepal@gmail.com
**वेबसाइट:** www.lahurnip.org
**प्रकाशन मिति:** बेशाख २०७७

**लेआउट**
पेजपरफेट
डिल्लीबजार, काठमाडौं

**ईडिटिङ**
अधिवक्ता मनोज राई (आठपहरिया)

**सहयोगी संस्थाहरू**

Asia Indigenous Peoples Pact (AIPP)
Chiang Mai 50210, Thailand
**Tel.** +66 (0) 53343539
**Email:** aippmail@aippnet.org
**Website:** www.aippnet.org

**आर्थिक सहयोग**

European Union
"The views expressed in the document do not necessarily reflect the views of the European Union."

**तयारकर्ता:**
अधिवक्ता भिम राई
अधिवक्ता दिनेश कुमार घले
अधिवक्ता दुर्गामणि राई (याम्फू)

# बाह्रौ राष्ट्रिय जनगणना २०७८
# आदिवासीका लागि
# किन महत्वपूर्ण ?

INDIGENOUS
NAVIGATOR

Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples
LAHURNIP
1995
Kathmandu, Nepal

# विषय सूची


१ यस पुस्तिकामा के छ ? १

२. यस पुस्तिका कसरी तयार पारियो ? १

३. जनगणना भनेको के हो ? १

४. जनगणना किन गरिन्छ ? २

५. विश्वको देशहरूमा जनगणना कहिलेबाट शुरू भयो ? ३

६. विश्वका देशहरूमा जनगणना किन शुरू गरियो ? ३

७. नेपालमा जनगणना कहिले देखि सुरू गरिएको थियो ? ४

८. नेपालमा आगामी बाह्रौं राष्ट्रिय जनगणना कहिले ? ५

९. आदिवासीका लागि बाह्रौं राष्ट्रिय जनगणना
किन महत्वपूर्ण छ ? ६

१०. बाह्रौं राष्ट्रिय जनगणनाको प्रश्नावलीमा केछ ?
आदिवासीको दृष्टिकोण र विश्लेषण । ९

११. तथ्याङ्क के हो ? १५

१२. राष्ट्रिय जनगणनाको तथ्याङ्कः तथ्याङ्क कि मिथ्याङ्क ? १५

१३. निष्कर्ष १७

१४. सिफारिस १७

१५. जनगणनाको प्रश्नको उत्तरमा के टिपाउने ? ।
केहि आदिवासी संस्थानहरूको निर्णयहरू १९

# १ यस पुस्तिकामा के छ ?

यस जानकारी पुस्तिकामा बाह्रौं राष्ट्रिय जनगणना, २०७८ को सन्दर्भमा आदिवासीको दृष्टिकोण प्रस्तुत गर्ने प्रयास गरिएको छ । जनगणना भनेको के हो ? जनगणना आदिवासीका लागि किन महत्वपूर्ण छ ? जनगणना किन गरिन्छ ? जनगणनामा आदिवासी किन र कसरी सहभागि हुने ? प्रश्नावलीमा कस्तो उत्तर हुनुपर्ने? आदिवासीहरूले तथ्याङ्कलाई किन मिथ्याङ्क भन्दै आएका छन् ? लगायत जनगणनाको ऐतिहासिक पृष्ठभूमि, जनगणना प्रक्रियामा आदिवासीको सहभागिता कसरी प्रवर्धन गर्ने भन्ने विषयमा चर्चा गरिएको छ ।

त्यसै गरी आदिवासीको अधिकार प्रवर्धनको लागि कसरी जनगणना प्रक्रियालाई आदिवासी मैत्री बनाउने ? र, सरोकारवाला तथा अधिकारवालाहरूको भूमिका के कस्तो रहने भन्ने विषयमा पनि सारमा चर्चा गरिएको छ ।

# २. यस पुस्तिका कसरी तयार पारियो ?

२.१. यस जानकारी पुस्तिका तयार पार्ने क्रममा विभिन्न आदिवासी विज्ञहरू, अभियन्ताहरू, आदिवासीहरूको जातीय संघसंस्थाहरू, महासंघहरू, संस्थाका पदाधिकारीहरूसंग विभिन्न चरणमा वेबिनार/भर्चुअल छलफल तथा परामर्श गरिएको थियो । कोभिड १९ को कारण छलफल तथा परामर्श प्रत्यक्ष रूपमा गर्न भने सकिएन ।

२.२ राष्ट्रिय योजना आयोग, केन्द्रिय तथ्याङ्क विभागले निकालेका पुस्तिका, प्रतिवेदन, निर्णय तथा सूचनाहरूको अध्ययन २०७८ सालको जनगणनाको लागि तयार गरिएको प्रश्नावली, नमूना प्रश्नावली तथा सर्वेक्षण, सूचना तथा जनगणना सम्बन्धित सामाग्रीहरू (पुस्तक, पुस्तिका, प्रतिवेदन, लेखहरू), विगतका जनगणनाका अभ्यासहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरूलाई अध्ययन गरिएको छ ।

# ३. जनगणना भनेको के हो ?

जनगणना भनेको सरकारले तोकिएको समयमा देश वा निश्चित भौगोलिक क्षेत्रभित्र बसोवास गरिरहेको सबै व्यक्ति वा परिवारहरूको नाम थर, जात/जाति, उमेर, भाषा, धर्म, नागरिकता, शिक्षा, वैवाहिक स्थिति, जन्म, मृत्यु, पेशा, व्यावसाय, बसाइसराई आदि विवरणहरू संकलन गर्ने र संकलित विवरणलाई प्रशोधन गरी तथ्याङ्क प्रकाशन गर्ने प्रक्रिया हो । कुनै पनि राज्य वा भू-भागभित्रको प्रत्येक एकाईको प्रत्येक व्यक्ति र परिवारको विस्तृत रूपमा गणना गरिने कामलाई जनगणना भन्ने गरेको पाइन्छ । यसबाट देशभित्रका पूरा आवादीको संख्या मात्र होइन तिनका विशेषताहरूको समेत यथार्थ विवरण लिइन्छ ।

विभिन्न समुदायहरूको घरधुरी, जनसङ्ख्या, भाषा, धर्म, आफ्नो पुर्ख्यौली थातथलो र आर्थिक, सामाजिक, साँस्कृतिक, शैक्षिक, ऐतिहासिक तथा पुरातात्विक, औद्योगिक एवं प्राकृतिक स्रोतसाधन लगायतका सम्पूर्ण विषयहरूको स्थितिलाई प्रष्ट देखाउने र ती एकाईहरूको नछुट्टयाई क्रमिक रूपमा गरिने गन्ती (गणना) र त्यस विषयवस्तुलाई मिलाएर राख्ने काम (एकीकृत) वा पृथक पृथक ढंगले राख्ने काम (अनेकीकृत) विवरण तयार गरिने काम नै राष्ट्रिय जनगणना भनिन्छ । यो देशभित्र बसोवास गर्ने सम्पूर्ण व्यक्ति तथा समुदायको आर्थिक, सामाजिक, भौगोलिक, शैक्षिक तथा जनसांख्यिक विशेषताहरू संकलन गर्ने प्रक्रिया पनि हो ।

## ४. जनगणना किन गरिन्छ ?

राज्यसत्तामा हुने परिवर्तनसंगै जनगणनाको उद्देश्य पनि फरक हुदै आएका छन् । आज जनगणनालाई सहभागिता मूलक बनाउने बिषय लोकतन्त्रको आधारशीलाको रूपमा मान्ने गरिन्छ । यसले न्यायपूर्ण प्रतिनिधित्व र राज्य-शक्तिमा साझेदारिता, स्रोत-साधनको समन्यायिक वितरण, नागरिक अधिकारको रक्षा तथा आवास, स्वास्थ्य, शिक्षा र उद्योगमा लगानीका लागि आधार प्रदान गर्दछ । देशको संविधान, कानून नीति नियमहरू प्रभावकारी रूपमा लागू गर्न तथा राज्यको शक्ति संरचनामा समानुपातिक प्रतिनिधित्व गराई राज्यको स्रोत-साधनमा सबैको पहुँच बढाई सबै जनताको सम्पूर्ण रूपमा उत्थान गरी देशको विकासका लागि जनगणना गर्ने गरिन्छ ।

राष्ट्रिय जनगणना अंकको मात्र संकलन नभएर एक राजनीतिक विषय र राष्ट्र निर्माणको निम्ति महत्वपूर्ण आधार हो । संविधानमा व्यवस्था भएको मौलिक हकहरु जस्तै- महिलाको हक, दलितको हक, सामाजिक न्यायको हक, आवासको हक, बालबालिकाको हकलगायत मौलिक हकहरूको कार्यान्वयन गर्न र त्यसको मूल्यांकन गर्न, आम नागरिकको सामाजिक सुरक्षा कार्यक्रम तर्जूमा गर्न, तीनै तहको सरकारलाई वित्तीय स्रोत बाँडफाँडलगायतका लागि आवश्यक तथ्याङ्क जनगणनाबाट उपलब्ध हुन्छ ।

तथ्यांकको आधारमा देशमा नीति निमार्ण गरिन्छ । अर्थात, न्याय सम्पादन कार्यमा पनि तथ्यांकले प्रभाव पार्दछ । जस्तोः नेपालमा ८२ प्रतिशत हिन्दू धर्मालम्बीहरू छन् भन्ने अवधाराणा कै कारण गाईलाई राष्ट्रिय जनावर बनाईयो र गोवधलाई अपराधीकरण गरियो । यस विषयमा सर्वोच्च अदालतले "*नेपालमा ८० प्रतिशत भन्दा बढी हिन्दू छन् यहाँको संस्कृति र सभ्यता सनातनदेखि नै हिन्दू धर्मसंग जोडिएको छ । यस्तो धर्म र संस्कृतिको संरक्षण राज्यले गर्नु पर्छ यो उसको कर्तव्य हो ।*"[१] भनी हिन्दू धर्मलाई राज्यको मूलधर्मको रूपमा व्याख्या गरिएको छ ।

[१] नेकाप २०७४, नि.नं. ९८४९,संयुक्त इजलास, भाग ५९, अंक ७, पेज नं. १७७९

त्यसैले संख्याले शक्ति र स्रोत-साधनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । *"प्रजातन्त्रमा संख्याले हक अधिकार दिलाउछ"* भनी डा. हर्क गुरूङ्ले आफनो पुस्तकमा लेख्नु भएकोछ ।[२]

## ५. विश्वको देशहरूमा जनगणना कहिलेबाट शुरू भयो ?

जनगणना सत्रौं शताब्दीदेखि व्यवस्थित रूपमा गर्न थालिएको थियो । त्यो समयभन्दा पहिले पनि कर तिर्न सैनिक तथा अन्य सरकारी सेवा गर्नेको विवरण राखिन्थ्यो जसलाई जनणनाको पृष्ठभूमिको रूपमा लिने गरिन्छ । जनजणना फ्रान्सले सन् १७५४, डेनमार्कले सन् १७७०, अमेरिकाले सन् १७९० र वेलायतले सन् १८०१ मा शुरू गरेको थियो । तर, त्यस समयमा जनगणना मात्र पारिवारिक गणनामा सीमित थियो । र, व्यक्तिको पेशा, जन्मस्थान, वैवाहिक स्थितिहरूको गन्ती गरिएको थिएन । चीनले सन् १९५३ मा जनगणनाको तथ्याङ्क सार्वजनिक गरेपछि विश्वको जनसङ्ख्यामा चीनले सबैभन्दा ठूलो हिस्सा ओगटेको तथ्य बाहिर आएको थियो ।

संयुक्त राष्ट्रसंघले सन् १९८९ देखि प्रत्येक ११ जुलाईका दिनलाई विश्व जनसंख्या दिवसका रूपमा मनाउदै आएको छ । सन् १००० मा विश्वको जनसंख्या ४० करोड थियो । सन् १८०४ मा एक अर्ब पुग्यो र सन् २००० मा ६ अर्ब पुगेको थियो । अहिले विश्वको जनसंख्या ७.६ अर्ब छ । संसारको सबै भन्दा धेरै जनसंख्या भएको मुलुक चीन हो । भारत दोस्रो स्थानमा रहेको छ । सन् २०३० सम्ममा भारतले चीनलाई जनसंख्यामा उछिन्ने अनुमान गरिएको छ ।

## ६. विश्वका देशहरूमा जनगणना किन शुरू गरियो ?

आफ्नो राज्य वा उपनिवेशमा कति जनता छन्, कति घर परिवार छन्, कस्ता संस्कृतिका छन्, कति उमेरका छन् भन्ने थाहा पाउन राज्यका शासक सरकारले जनगणना गर्न प्रारम्भ गऱ्यो जसको आशय शासन गर्न र कर उठाउन, सुविधा होस् भन्ने थियो । लगभग आधा शताब्दि अघि सम्म नै आफ्नो आधिपत्यमा रहेका भौगोलिक क्षेत्र, त्यहाँका प्राकृतिक सम्पदा, रैती वा प्रजा राज्यको अथवा शासकहरूको सम्पत्ति हुन्थ्यो । यही मनशायबाट परिवारजनको गणना गर्ने गरिन्थ्यो र राज्यलाई आवश्यक पर्ने लंक्का जवानहरूलाई जर्वजस्ती सेनामा भर्ती गरिन्थ्यो । जनसांख्यिक स्थिति बुझ्न विस्तारै दश दश वर्षमा यस्तो गणना गर्न थालियो । यो कार्य पश्चिमी विश्वबाट प्रारम्भ भएको पाईन्छ । गणनामा विस्तारै विकास र सेवा प्रवाहको स्थिति सम्बन्धी सूचना संकलनका विषयहरू थपिदै गए पनि राज्यशक्तिको संरचनाको सुदृढीकरण नै जनगणनाको प्रत्यक्ष वा परोक्ष अभिप्राय थियो ।

[२] उत्तमकुमार सुनुवार राष्ट्रिय जनगणना, २०६८ आदिवासी जनजाति दृष्टिकोण, प्रकाशकः लाहुर्निप, पेज नं. २ ।

## ७. नेपालमा जनगणना कहिले देखि सुरू गरिएको थियो?

प्रधानमन्त्री जंगबहादुरले ३ वर्ष (वि.स.१९१०,१९११,१९१३) लगाएर जनगणनाको शुरूवात गरेका थिए । तर, नियमित र प्रणालीगत रूपमा नेपालको जनगणना प्रधानमन्त्री चन्द्र शमशेरको पालामा (वि.स. १९६८) साल देखि शुरू भएको मानिन्छ । र, वि.स. १९६८ को जनगणनालाई नै नेपालको पहिलो राष्ट्रिय जनगणना भनिन्छ । अन्य देशहरूमा जस्तै नेपालमा पनि केही अपवाद बाहेक हरेक १० वर्षमा जनगणना गर्ने प्रचलन छ ।

- पहिलोः १९६८ (१९११) मा भएको थियो । यसले देशव्यापी रूपमा तथ्यांक संकलन गरिएको थियो र मुलुकको कूल जनसंख्या ५६,३८,६४९ रहेको थियो ।
- दोस्रोः १९७७ (१९२०) मा भएको थियो । जस अनुसार मुलुकको जनसंख्या ५५,७३,७८८ रहेको थियो । जनसंख्या बृद्धिदर (-०.१३) ऋणात्मक थियो । पहिलो विश्वयुद्धमा युवाहरूको वाध्यात्मक सहभागिता र युद्धमा मृत्युका कारण यस्तो स्थिति बन्न गएको अनुमान गर्ने गरिन्छ । यो जनगणनामा पनि सामाजिक, आर्थिक, व्यक्तिगत र जनसांख्यिक विशेषताहरूलाई समेट्न सकिएको थिएन ।
- तेस्रोः १९८७ (१९३०) मा भएको थियो । जस अनुसार मुलुकको कूल जनसंख्या ५५,३२,५७४ रहेको थियो भने जनसंख्या वृद्धिदर ऋणात्मक (-०.०७) नै रहेको पाइन्छ । महामारी प्रकोप र दुःखबाट मुक्ति पाउन अत्याधिक जनता बसाइँ-सराइ जानु पर्ने स्थितिका कारण जनसंख्या बृद्धि ऋणात्मक रहेको अनुमान छ ।
- चौथोः १९९८(१९४१) मा भएको थियो । जस अनुसार कुल जनसंख्या ६२,८३,६४९ रहेको थियो यस पल्ट भने ऋणात्मकबाट (१.१६) धनात्मकतिर गएको पाइन्छ । नेपालको पहिलो, दोस्रो, तेस्रो र चौथो राष्ट्रिय जनगणनामा जनसङ्ख्या, अचल सम्पत्ति, चौपाया जस्ता सामान्य विवरण बाहेक जनगणनामा हुनुपर्ने सामाजिक, आर्थिक, व्यक्तिगत र जनसाङख्यिक विशेषताहरूलाई समेटन सकिएको थिएन । त्यसैले यी चारै पटक गरिएको जनगणनालाई मात्रै टाउको (head count) गणनामा मात्र सीमित रहेको थियो ।
- पाचौः २००९-११ (१९५२-५४) मा भएको थियो । यो दुई चरणमा गरिएको थियो । पूर्वी क्षेत्रमा सन् १९५२ र पश्चिम क्षेत्रमा सन् १९५४ मा संचालन गरिएको थियो । जस अनुसार अनुसार मुलुकको जनसंख्या ८२,५६,६२५ थियो भने जनसंख्या बृद्धिदर २.२७ रहेको थियो ।
- छैठौंः २०१८ (१९६१) मा भएको थियो । जस अनुसार जनसंख्या ९,४,१२,९९६ रहेको थियो भने जनसंख्या बृद्धिदर १.६४ रहेको थियो ।
- सातौंः २०२८ (१९७१) मा भएको थियो । जस अनुसार जनसंख्या १,१५,५५,९८३ रहेको थियो भने जनसंख्या बृद्धिदर २.०५ रहेको थियो ।
- आठौः २०३८ (१९८१) मा भएको थियो । जस अनुसार जनसंख्या १,५०,२२,८३९ रहेको थियो भने जनसंख्या बृद्धिदर २.६२ रहेको थियो ।

- नवौं: २०४८ (१९९१) मा भएको थियो । जस अनुसार जनसंख्या १,८४,९१,०९७ रहेको थियो भने जनसंख्या बृद्धिदर २.०८ रहेको थियो ।
- दशौं: २०५८ (२००१) मा भएको थियो । जस अनुसार जनसंख्या २,३१,५१,४२३ रहेको थियो भने जनसंख्या बृद्धिदर २.२५ रहेको थियो ।
- एघारौं: २०६८ (२०११) मा भएको थियो । जस अनुसार जनसंख्या २,६४,९४,५०४ रहेको थियो भने जनसंख्या बृद्धिदर १.४० रहेको पाइन्छ ।

## ८. नेपालमा आगामी बाह्रौं राष्ट्रिय जनगणना कहिले ?

- जनगणना २०७८ साल जेष्ठ २५ बाट असार ८ सम्म संचालन गरिने योजना रहेको थियो तर कोरोना महामारीको कारण हाललाई स्थगन गरिएको छ । संघीय नेपालमा पहिलो पल्ट, **"मेरो गणना, मेरो सहभागिता"** भन्ने मूल नाराका साथ जनगणना हुन गइरहेको हो ।
- जनगणना दुई चरणमा सन्चालन गरिने योजना रहेको थियो । पहिलो चरणमा सुपरिवेक्षकद्वारा घर तथा घरपरिवार सूचीकरण फाराम वि.स. २०७८ साल बैशाख २५ देखि जेष्ठ १४ सम्म (बीस दिन) रहेको थियो र मुख्य प्रश्नावली फाराम वि.सं. २०७८ साल जेष्ठ २५ देखि २०७८ आषाढ ८ सम्म (पन्ध्र दिन) भर्ने योजना रहेको थियो । दोस्रो चरण अन्तर्गत सुपरिवेक्षकबाट प्रत्येक स्थानीय तहका सबै वडामा सामुदायिक प्रश्नावलीमार्फत आधारभूत स्रोत, साधन, क्षमता र पूर्वाधार सम्बन्धी विवरणहरु लिने योजना छ ।[३]
- नमूना जनगणना सुपरिवेक्षक, गणक नियुक्ति, तालीका र प्रश्नावली निर्माण भई, सर्वेक्षण गरी पाइलट जनगणनाको काम समेत सम्पन्न भइसकेको छ ।[४]
- सरकारले भौतिक संरचना, सूचना सम्प्रेषण, वेभसाईट सार्वजनिक, सामग्री छपाई,[५] मानव तथा आर्थिक स्रोत र शक्तिहरूको बारेमा योजना बनाउदै गरेको पाइन्छ[६] र सम्बन्धित कानूनी तथा नीतिगत कार्यहरू पनि भएको पाईन्छ ।
- तालीम संचालन गर्ने स्थानको पहिचान, स्थानीय तथा प्रदेश सरकारसंग राख्ने र गरिने सम्पर्क र कार्यहरू, राष्ट्रिय जनगणना संचालन तथा व्यवस्थापन सम्बन्धी नीतिहरू जारी भईसकेको छ[७] भने सोही आदेश बमोजिम राष्ट्रिय जनगणना २०७८ को प्रयोजनको लागि प्रश्नावली स्वीकृतसमेत भई राजपत्रमा[८] प्रकाशित भइसकेको छ ।
- अभ्यास नमूना जनगणना यही वर्ष २०७७ माघ १ गतेदेखि चैत्र ३० गतेसम्ममा सम्पन्न भएको छ ।
- जनगणनालाई व्यवस्थित बनाउन जनगणना संचालन तथा व्यवस्थापन आदेश, २०७६ ल्याईएको छ ।

---

३ राष्ट्रिय जनगणना, २०७८ नमूना (पाईलट) जनगणना २०७६, सुपरिपेक्षक निर्देशिका, राष्ट्रिय योजना आयोग तथ्यांक विभाग, रामशाहापथ काठमाडौं, पेज नं ७

४ गोरखापत्र अनलाईन, आगामी १२ औं राष्ट्रिय जनगणनाको तयारकि लागि गरिएको नमूना जनगणनामा १० हजार घरपरिवारको विवरण संकलन ।

५ https://censusnepal.cbs.gov.np/

६ हिमालयन टाईम्स, २०२१ को जनगणनाका लागि सरकारले तयारी गऱ्यो, डिसेम्बर ७, २०१९

७ राष्ट्रिय जनगणना संचालन तथा व्यवस्थापन आदेश, २०७६

८ नेपाल राजपत्र, खण्ड ७०,भदौ १५ गते, २०७७ साल ।

# ९. आदिवासीका लागि बाह्रौं राष्ट्रिय जनगणना किन महत्वपूर्ण छ?

९.१ देशमा रहेका विविध जात, जातिहरूका पहिचान, भाषा, भूमि, धर्म, संस्कृति, आर्थिक, शैक्षिक, सामाजिक, प्राकृतिक स्रोतसाधन लगायत यकिन तथ्यहरूको गणना गरी विवरण राख्ने र सोही आधारमा कानून, नीति नियम, कार्यक्रम, योजना, बजेटको व्यवस्था गरिने भएको हुँदा जनगणनाको महत्व छ ।

९.२. राज्यको सम्पूर्ण संरचनामा सहभागी हुन नसकेका र स्रोतसंसाधनमा पहुँच नपुगेका आदिवासी, महिला, दलित, मुस्लिम, अल्पसङ्ख्यक, सीमान्तकृत समुदाय र पीछडिएको क्षेत्रलगायतका जनताहरूको राज्यको सबै तह र तप्कामा समन्यायिक सहभागिता, प्रतिनिधित्व र पहुँच कायम गर्न पनि जनगणनाकै तथ्यांक सहायक हुने भएकोले जनगणना आदिवासीको गम्भीर सरोकारको विषय रहेको छ । र, संक्षिप्तमा, संवैधानिक, कानूनी र नीतिगत व्यवस्थाहरूले आदिवासी र जनगणनाको सम्बन्धलाई अरू टड्कारो बनाएको छ ।

९.३. जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण हुने र प्रतिनिधित्व तथा राज्य-संयन्त्रमा सहभागिता समानुपातिकताको सिद्धान्तमा आधारित हुने ।

९.४. जनसंख्या र भूगोल विशेषताको आधारमा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र निर्धारित हुने ।

९.५. विभिन्न जात-जाति, भाषा, संस्कृति, धर्म र लिङ्गका जनसंख्या, भौगोलिक स्थिति तथा प्राकृतिक स्रोत-साधनको उपलब्धताका आधारमा प्रदेश र स्थानीय तहहरूमा संघीय स्रोत साधनहरू (वित्तिय एवं प्राविधिक सहयोग) वितरण हुने ।

९.६. जनगणनाकै तथ्याङ्कका आधारमा आर्थिक विकास, यातायात एवं अन्य भौतिक संरचना विकास, स्वास्थ्य सेवा, शैक्षिक क्षेत्रको विकास, उद्योग तथा व्यापार योजना, रोजगारी, सामाजिक सेवा तथा सुरक्षा लगायतका जनताको प्रगति एवं समृद्धि सम्बन्धी नीति र कार्यक्रमहरू बन्ने ।

९.७. जनगणनाले जातीय, भाषिक, साँस्कृतिक, धार्मिक, क्षेत्रीय र लैंगिक पहिचान, विविधता र बहुलताको प्रबर्द्धनलाई प्रभावित गर्ने ।

९.८. अल्पसंख्यक, लोपोन्मुख र सीमान्तकृत समूहहरूको पहिचान हुने र उनीहरूको संरक्षण एवं विकासमा बल पुग्ने ।

९.९. भाषिक तथ्याङ्कका आधारमा मातृभाषाहरूको संरक्षण, विकास र समृद्धीकरण हुने, मातृभाषामा शिक्षा विस्तार हुने र मातृभाषा सरकारी कामकाज र संचारमा प्रयोग हुने ।

९.१०. अद्यावधिक तथ्याङ्कले विद्यार्थी कल्याण सहयोग, शैक्षिक सहयोग, युवा तथा प्रौढ शिक्षा विस्तार, विद्यालय सहयोग, प्राविधिक शिक्षा तथा तालीम विस्तार, स्वास्थ्य सेवा सहयोग, सामाजिक सुरक्षा, मौलिक अधिकार उपभोग प्रभावित हुने ।

९.११. विश्वासनीय तथ्याङ्कले पारिवारिक एवं सामुदायिक भूस्वामित्व, भूउपयोग तथा भूमिहीनता र आवास स्थिति उजागर भई भूमि अधिकारको रक्षा, भूमिको पुनर्वितरण र सुरक्षित आवास तथा पर्यावरण एवं संस्कृति अनुकूल शहरी विकासमा मद्दत पुग्ने ।

**९.१२. संवैधानिक हकहरूको कार्यान्वयन गराउन आधार तयार गर्न जनगणना आवश्यक हुन्छ ।**

९.१२.१. धारा ७ मा "नेपाली भाषाको अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा वढी अन्य राष्ट्र भाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ ।" भन्ने व्यवस्था छ । नेपाली खस बाहेक अन्य मातृ भाषालाई सरकारी कामकाजको भाषा बनाउन समेत जनगणनाको महत्व रहेकोछ ।

९.१२.२. धारा १८ को समानताको हक सम्बन्धी प्रावधानमा "आदिवासी जनजाति .... को संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने" भन्ने व्यवस्था रहेको छ । यो व्यवस्था लागू गराउनसमेत आदिवासी जनजातिहरूको वास्तविक तथ्यांक जरूरी रहेको छ ।

९.१२.३ धारा २६ को धार्मिक स्वतन्त्रताको हक सम्बन्धी प्रावधानमा "प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ साथै प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सन्चालन र संरक्षण गर्ने हक हुने छ" भन्ने व्यवस्था रहेको छ । आदिवासी जनजातिहरूको परम्परागत आस्था र विश्वास अनुसारको पवित्र स्थल तथा संख्थाहरू (जस्तो- साकेला थान, भूमेथान, ग्रामथान, माझीथान, बराहथान, माङठाना, माङ्गेन्नालुङथुङ, कुसायक-मुम्मायक, ओडार, उपवन, नागी, पर्वत शिखर, पानीको मूल, जलकुण्ड, ख्यङ्लुङ/खवालुङ आदि पवित्र स्थल तथा ढुकोर/ढुकुटी, फासिङ/सघाउनी, गुठी आदि संस्था)को पहिचान,सूचीकृत र संरक्षण गर्न आधार तयार हुन्छ ।

९.१२.४. धारा ३२ को भाषा तथा संस्कृतिको हकमा "नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति सँास्कृतिक सभ्यता र सम्पदाको संम्वर्द्धन र संरक्षण गर्ने हक हुनेछ" भन्ने उल्लेख छ । यो हक उपभोग गर्नसमेत आफ्नो भाषा, लिपि, सम्पदा र सभ्यताको तथ्याङ्क आउन अति आवश्यक हुन्छ ।

९.१२.५. धारा ३७ आवासको अन्तर्गत "प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ," "कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन" भन्ने व्यवस्था छ । यो हक कार्यान्वयन गराउनसमेत तथ्यांक आउन आवश्यक छ ।

९.१२.६ धारा ४२ को सामाजिक न्यायको हकमा "आदिवासी जनजाति, मधेशी, थारू ........... लाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ" भन्ने व्यवस्था छ । राज्यको हरेक निकायमा जनसंख्याको आधारमा प्रतिनिधित्वको लागि समेत यथार्थ जनसाङ्ख्यिक तथ्यांक आवश्यक रहेको हुन्छ ।

९.१२.७. धारा ५१ को राज्यको सामाजिक र साँस्कृतिक रूपान्तरण सम्बन्धी नीतिमा "देशको साँस्कृतिक विविधता कायम राख्दै समानता एवं सह–अस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने"[९] भन्ने उल्लेख छ । यस सम्बन्धी राज्यको नीति निर्माण गर्नसमेत आदिवासी जनजातिले आफ्नो भाषा, कला, सम्पदा, सभ्यता, चलचित्र आदिको तथ्यांक आउन आवश्यक छ ।

९.१२.८. धारा ५१ को राज्यको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिका सन्दर्भमा..... आदिवासी जनजातिसंग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायका परम्परागत ज्ञान, शीप, साँस्कृतिक, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संम्वर्द्धन गर्ने"[१०] भन्ने उल्लेख छ । आदिवासीको ज्ञान, शीप, साँस्कृतिक र सामाजिक परम्परा लाई संरक्षण र संम्वर्द्धन गर्ने राज्यको नीति रहेको तर जनगणना प्रश्नावलीमा यी सबै क्षेत्रको तथ्यांक लिने प्रत्यक्ष प्रश्नावली नभएको हुदा यी यस्ता तथ्यांक जनगणना मार्फत संकलन गर्ने आदिवासीको प्रयास रहन जरूरी रहेको छ ।

९.१२.९. धारा ५६ राज्यको संरचना र राज्यशक्तिको बाँडफाड सम्बन्धी प्रावधानमा "संघीय कानून बमोजिम सामाजिक साँस्कृतिक–संरक्षण वा आर्थिक विकासका लागि विशेष संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने छ ।"[११] भन्ने उल्लेख गरिएको छ । यी व्यवस्था अनुसार आदिवासी जनजातिहरूले विशेष, संरक्षित वा स्वायत्त क्षेत्र दावी गर्न र त्यस्ता क्षेत्रहरू निर्माण गर्नसमेत जाति, भाषा र साँस्कृतिक रूपका दर्विलो र विश्वासनीय तथ्यांक संकलन गराउन आवश्यक रहेको छ ।

९.१२.१०. धारा ८४ मा प्रतिनिधिसभाको गठन सम्बन्धी प्रावधानमा "समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति...... समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ"[१२] भन्ने उल्लेख भएकोले आफ्नो प्रतिनिधित्वको लागि यथार्थ जनसंख्या सुनिश्चित हुन आवश्यक रहेको छ ।

९.१२.११. धारा २८६ मा " .... निर्वाचन क्षेत्र निर्धारण आयोग सम्बन्धी प्रावधानमा आयोगले निवार्चन क्षेत्र निर्धारण गर्दा जनसंख्या र भूगोललाई प्रतिनिधित्वको आधार मानी त्यस्तो निर्वाचन क्षेत्रको भूगोल, जनसंख्या र सदस्य संख्या वीचको अनुपात यथासम्भव समान हुने गरी निर्धारण गरी निर्धारण गर्नेछ" भन्ने यो व्यवस्था अनुसार प्रतिनिधित्व निश्चित गर्ने आधार पनि जनसंख्या नै भएको हुंदा वास्तविक जनसंख्याको तथ्यांक आउन आवश्यक रहेको छ ।

[९] नेपालको संविधान, २०७२, धारा ५१(ग) (६)
[१०] नेपालको संविधान, २०७२, धारा ५१(ञ) (८)
[११] नेपालको संविधान, २०७२, धारा ५६(५)
[१२] नेपालको संविधान, २०७२, धारा ५८(२)

९.१२.१२ यस प्रकार आदिवासीहरूले संविधानमा रहेको आफ्ना आदिवासी सम्बन्धी राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक हकहरूको उपभोग गर्न र राज्यको नीतिमा आफ्नो उपस्थिति गर्विलो रूपमा दर्ज गराउन आवश्यक रहेको छ । यसबाट मात्र राज्य शक्ति र साधनस्रोतमा सार्थक पहुँच र हिस्सेदारी बढ्न जानेछ ।

## १०. बाह्रौं राष्ट्रिय जनगणनाको प्रश्नावलीमा के छ? आदिवासीको दृष्टिकोण र विश्लेषण ।

१०.१. २०७८ को जनगणनामा जन्म, मृत्यु, विवाह, प्रजनन, बँसाई-सराई, धर्म, भाषा, शिक्षा, अपाङ्गता, विदेश गएका व्यक्तिहरू, पेशा, व्यवसाय, आर्थिक क्रियाकलाप, जमीन, घर, जन्मदर्ता, बसोवासको अवस्था, परिवारमा उपलब्ध सेवा सुविधाहरू, घरको स्वामित्व, संरचना, बनौट, प्रयोजन आदि विवरणहरू संकलन गरिने गरी प्रश्नावली तयार गरिएको देखिन्छ । सरकारबाट पाएको अनुदान, बैंक ब्यालेन्स आदि जस्ता केही नया प्रश्न यसपालीका जनगणनामा देखिन्छ ।

१०.२. जनगणनाको १ सय १० वर्षे इतिहासमा पहिलो पटक सामुदायिक प्रश्नावली भरिदैछ । प्रत्येक वडा कार्यालयबाट प्रश्नको उत्तर खोजिनेछ ।[१३]

१०.३. मुख्य प्रश्नावलीको व्यक्तिगत खण्डमा मातृ भाषा र पूर्खाको भाषा कुन हो ? भन्ने प्रश्न राखिएको छ । आदिवासी जनजातिमा मातृभाषा र पूर्खाको भाषा एकै रहेको हुँदा कुन लेख्ने भन्ने दुविधामा पर्ने देखिन्छ । यो दुई प्रश्न वास्तवमा खसहरूको खस (मातृ) भाषा र संस्कृत (पूर्खा) भाषा भनी तथ्यांकमा स्थापित गर्ने उद्देश्यले यो प्रश्नावली सृजना गरेको बुझिन्छ । सोही व्यक्तिगत खण्डको प्रश्नमा कुन धर्म मान्नु हुन्छ ? भन्ने प्रश्न छ र उत्तरको कोड (उत्तर-संकेत सूचि)मा हिन्दू, बौद्ध, इस्लाम, त्रिश्चियन, किरात, प्रकृति पूजक, बोन, जैन, बहाई, शिख र अन्य (खुलाउने) भन्ने उत्तर रहेको छ । सूचीमा किरात धर्म, प्रकृतिक पूजक भन्ने महल रहतापनि लिम्बू (याक्थुङहरूको) युमा धर्म तथा खसहरूको मष्टो धर्म आदि समाविष्ट छैन ।

१०.४. आदिवासी जनजातिहरूका लागि कुन धर्म मान्नु हुन्छ ? भन्ने प्रश्न नै भ्रमात्मक छ । आदिवासी जनजातिहरूको युगौंयुगदेखिको आफ्नो जैविक, संज्ञानात्मक/चेतनागत, भावात्मक एवं सामाजिक विकास संगसंगै विकसित र वातावरणसंग अनुकूलत हुने रणनीतिका रूपमा विकसित जैविक, भौतिक, अभौतिक वा पराभौतिक संसार सम्बन्धी आस्था वा विश्वास प्रणाली हुन्छ, विशिष्ट दृष्टिकोण हुन्छ, जो व्यवहारमा निरन्तर प्रकट

[१३] अनलाईन खबर, चेतन अधिकारी जनगणनामा कस्ता प्रश्न कस्ता उत्तर?, २०७७ भदौ २६ ।

भइरहन्छन् । अहिले धर्म भन्ने गरिएको जस्तो यो आस्था प्रणालीको नाम हु'दैन । लगभग तीन हजार वर्ष अघिदेखि राज्य र शासकहरूको आस्था प्रणाली जोडिन थालेदेखि यस्तो आस्था प्रणालीलाई धर्म भन्न थालिएको देखिन्छ । त्यसैले आदिवासी जनजातिका उत्तर दातालाई तपाई कुन धर्म मान्नुहुन्छ भन्दा अल्मलिनु वा गलत जवाफ दिनु स्वाभाविक हुन्छ । त्यसैले कुन धर्म मान्नुहुन्छ भनी सोध्नुको यसको सट्टा परम्परागत आस्थाजन्य प्रचलन के रहेको छ ? त्यसलाई के भन्ने गर्नु भएको छ ? भन्दा राम्रो हुन्छ तर प्रश्न यस्तो प्रकारको नहुँदा वास्तविक धर्म सूचीकृत नहुने र हिन्दू धर्मकै हालीमुहालीलाई निरन्तर स्थापित हुदैजाने स्थिति देखिन्छ, जस्तो हिन्दूधर्म मान्नेको संख्या २०६८ को जनगणनामा ८२ प्रतिशत देखिनु पनि यसको एउटा उदाहरण हो । यो प्रश्नावली विगतको निरन्तरता नै हो ।

१०.५. मुख्य प्रश्नावलीको परिवारिक खण्ड/मृत्यु सम्बन्धी विवरण अन्तर्गत रहेको "विदेश गएका अनुपस्थित सदस्यको विवरण" तथा व्यक्तिगत खण्ड अन्तर्गत रहेका "जन्म र बसाईसराईको विवरण" भन्ने प्रश्नावलीसमेत महत्वपूर्ण रहेको छ । तर यसलाई कसरी प्रश्न गरिन्छ र बुझ्ने बुझाउने गरिन्छ भन्ने प्रश्न चिन्ह रहेको देखिन्छ । यो प्रश्नावलीलाई बुझाउन नसकिए वा नबुझेमा त्रुटिपूर्ण तथ्याङ्क आउने प्रवल सम्भावना देखिन्छ ।

१०.६. सामुदायिक प्रश्नावलीमा वडावासीले प्राप्त तथा उपभोग गरेको सेवा सुविधाको महलमा सुविधाको लिष्टमा मन्दिर, गुम्बा, चैत्य/विहार, मस्जिद, चर्च, सामुदायिक भवन आदि रहेकोछ । तर आदिवासी चिनाउने उनीहरूको पूजा-आजा, आध्यात्मिक गतिविधिका स्थानलाई ठाउ दिएको पाइदैन । जस्तो मझिथान, ग्रामथान, साकेला थान, ल्होसर स्थल, भूमेथान, यःक्वा माङखःमा कोःकमा, समाधि स्थल आदिका तथ्याङ्क आउने प्रश्नको अभाव रहेको पाइन्छ । वडाबाट लिइने यो सामुदायिक प्रश्न संकलन विधि नेपालमा पहिलो पटक गरिएको हो ।[१४] यसमा कत्ति छलफल हुन्छ, निर्विवाद हुन्छ, यसबाट कति यथार्थ तथ्याङ्क सार्वजनिक हुन्छ त्यो हेर्न बा'की नै छ । राम्रो तथ्याङ्क आए कस्तो, कुन थातथलोमा केकस्तो विकास भएको छ स्पष्ट हुन सक्नेछ ।

१०.७. जनगणनाबाट आएको तथ्यांकलाई प्रशोधन र विश्लेषण गरी केन्द्रिय तथ्यांक विभागबाट प्रकाशित हुने खण्डीकृत तथ्यांक झन महत्वपूर्ण रहेको हुन्छ । यी तथ्यांकलाई जातजाति, भाषा, धर्म, लिङ्ग आदि हरेक पक्षबाट केलाइनुपर्छ । नत्र खण्डीकृत सामाजिक-आर्थिक र जनसांख्यिक तथ्यांकको अभावमा देश विकासको प्रतिफलबाट कुन सामाजिक समूह तथा व्यक्तिहरू कत्ति लाभान्वित छन्, राज्यकोषमा कुन समूह र कस्ता व्यक्तिहरूको पहुँच बढी छ थाहा नहुने हुँदा र कुन वर्ण, जाति, धर्म, लिङ्गको संस्कृतिका मानिसहरू बहिष्कृत छन्, जटिल बंञ्चितीकरणमा छन् भन्ने स्थिति स्पष्ट नहुने हुँदा राज्यका नीति, नियम तथा कार्यक्रमको व्यवस्था, बजेटको विनियोजन संघ, प्रदेश, स्थानीयसम्म प्रभावकारी

१४ राष्ट्रिय जनगणना, २०७८ नमूना(पाईलट) जनगणना २०७६, सुपरिवेक्षक निर्देशिका, राष्ट्रिय योजना आयोग, तथ्यांक विभाग, रामशाहापथ काठमाडौं, पेज नं ५६

नहुन सक्दछ । २०६८ को जनगणनाले २०५८ को जस्तो जातजातिको स्थान अनुसारको प्रष्ट खण्डीकृत तथ्यांक सार्वजनिक गरेन, जसले गर्दा आदिवासीहरूलाई बहु–आयामिक तथ्यांक सधैं खड्कन पुग्यो । यसको लागि आदिवासीको परम्परागत भूमि, प्रथा परम्परा, परम्परागत संस्था, ज्ञान, कला, शीप, जीविकोपार्जन र साँस्कृतिक भूमि, पहिचान आउने प्रकारको प्रश्नावली निर्माण हुन जरूरी रहेको देखिन्छ । तर त्यो अवसर यसपटक पनि लगभग बितिसकेको छ ।

१०.८ जनगणनाको प्रश्न निर्माण नै आफूले चाहे अनुसार अर्थात् आफ्नो समग्र र खण्डीकृत तथ्यांक (Disagregated data) आउने गरी बनाइन्छ कि बनाइदैन भन्ने हो अर्थात् आदिवासी जनजातिको वास्तविक तथ्यांक र अवस्था प्रस्तुत हुन जनगणनामा सोधिने प्रश्नावली आदिवासी जनजातिमैत्री हुनु पर्छ भन्ने हो । किनभने विगतदेखि हालसम्मको प्रश्नावली निर्माण गरिदा संविधानले विशेष व्यवस्था गर्न सकिने समुदायहरूको विशेष तथ्यांक आउने प्रकारको प्रश्नहरू निर्माण हुन सकेको छैन र आदिवासीको पहिचान सहितको तथ्यांक लिने प्रयास समेत भएको छैन । जस्तो आदिवासी जनजातिहरूको परम्परागत कला, संस्कृति, शिप, ज्ञान र जिविकोपार्जन आदिसंग सम्बन्धित प्रश्नावली नै छैन । यदि प्रश्नावली भएको भए आदिवासी जनजातिको परम्परागत शीपकला, संस्कृति र जीविकोपार्जन अन्तर्गत  घरेलु तानबाट कपडा, राडी, पाखी, गलैंचा बुन्ने, कलात्मक वस्तु बनाउने, जडीबुटी संकलन गर्ने र त्यसबाट औषधि बनाउने, जाड रक्सी मर्चा बनाउने, शिकार खेल्ने, माछा मार्ने, कन्दमूल, सागपात, फलफूल आदि संकलन गर्ने आदिको तथ्यांक पहिचान भई संरक्षण हुने थियो । तर यी परम्परागत मौलिक व्यवशायलाई गुमराहमा राख्न  यसपालीको सामुदायिक प्रश्नावली अन्तर्गत प्राविधिक र व्यवसायीक तालीम लिएको छ छैन ? भन्ने प्रश्न मात्र सोधिएको छ । यो प्रश्नबाट आदिवासी जनजातिको परम्परागत शिपकला, ज्ञान र संस्कृतिको अस्तित्व लोप हुन जाने निश्चित रहेकोछ ।

१०.९ आदिवासी जनजातिको परम्परागत जीविकोपार्जनको भूमिको विषयमा प्रश्न भए आदिवासी जनजातिको परम्परागत जीविकोपार्जनका भूमि कहाँ के कति छ ? छैन ? कुन अवस्थामा रहेको छ ? अर्थात् दर्ता भएको छ छैन ? त्यस्तो भूमिमा के कस्तो क्रियाकलाप हुने गर्दछ ? उपयोग कसरी भएको छ आदि प्रश्नावली भए आदिवासी जनजातिकोको आर्थिक अवस्थाको चित्र प्रष्ट आउने भई संविधानको विशेष व्यवस्थाहरू कार्यान्वयन गर्न तथा राज्यले आफनो नीति बनाउन[१५] महत्वपूर्ण भूमिका निर्वाह हुन सक्थ्यो । प्रश्नावलीमा कृषि प्रयोजनका लागि आफ्नो जग्गा आफैले कमाएको र अरूको जग्गा आफूले कमाएको जग्गाको क्षेत्रफल मात्र आउने स्थिति छ, यसले भू–स्वामित्व सम्बन्धी तथ्याङ्कलाई गोल–मटोल गर्ने परम्परागत स्थिति यथावत छ । यस्ता तथ्याङ्कले न भूमि व्यवस्थापन न कृषि विकासमा सहयोग पुग्न सक्दछ ।

[१५] नेपालको संविधान, २०७२, धारा ५१ राज्यका नीतिहरू

१०.१०. आदिवासी जनजातिको भूमिसंग विशेष सम्बन्ध हुन्छ । भूमिविना आदिवासी जनजातिको पहिचान र अस्तित्व संकटमा पर्छ । त्यसैले राज्यले आदिवासीको परम्परागत सामुहिक भूमिलाई संरक्षण, विकास र मान्यता दिनु पर्छ भनी अन्तराष्टिय कानूनहरूले[१६] सुनिश्चित गरेको छ, यी कानूनहरूको नेपाल पक्ष राष्ट्र पनि हो । तर, आदिवासी जनजातिको परम्परागत भूमि के कति, कस्तो अवस्थाको कहाँ छ ? भन्ने कुनै पनि प्रश्नावली छैन । अतः यो जनगणनाले पनि आदिवासी जनजातिको परम्परागत भूमिको तथ्याङ्क ल्याउदैन, यस्तो तथ्याङ्क नआउनु भनेको आदिवासी जनजातिको परम्परागत भूमिको अस्तित्व र आदिवासीहरूको आदिवासीपनको पहिचान मेटाउनु हो । केवल व्यक्तिगत भूमि जस्तो तपाईको कृषियोग्य जग्गा कति छ ? यो घरको स्वामित्व कसको नाममा छ ? भन्ने प्रश्न रहेको छ । यसबाट आउने भनेको व्यक्तिगत जमीनको अपूर्ण तथ्याङ्क मात्र हो । त्यसैले आदिवासी जनजातिको परम्परागत सामूहिक जग्गा केवल राज्यको खाली जमीनको रूपमा पहिचान हुने छ । यस्तो जमीन अव्यवस्थित बसोवासको नाममा र सुकुम्बासीको नाममा बाडिने छ किनभने यसपालीको प्रश्नावलीमा अव्यवस्थित बसोवास कति छ भनी वडाबाटै तथ्यांक लिन प्रश्नावली निर्माण गरिएको छ र आयोग समेत निर्माण भइसकेको छ ।

१०.११. सामुदायिक प्रश्नावलीमा के कस्ता सेवाहरू जनताले उपयोग गरेका छन् ?[१७] भन्ने खण्डको सेवा सुविधामा मठ मन्दिर, मस्जिद, गुम्बा आदि उल्लेख गरिएको छ जसबाट मन्दिर, मस्जिद तथा गुम्बाहरूको तथ्यांक आउछ तर आदिवासी जनजातिको आध्यात्मिक पवित्र स्थल तथा वस्तुहरू वा प्रतिक आदिको तथ्याङ्क आउने तथा ल्याउने कुनै प्रश्न तथा उत्तरको स्थान नै छैन । आदिवासीको आध्यात्मिक स्थान एवं प्रतीकहरूको तथ्याङ्क यसपाली पनि आउदैन र नआउनु भनेको राज्यको संरक्षण तथा विकासबाट यस्ता स्थान वा प्रतीकहरू बंचित हुनु हो र आदिवासी आस्था प्रणाली सबैभन्दा ठूलो हिन्दूधर्ममा नै विलय (Asimilation) गराउनु हो, साँस्कृतिक-संहार गर्नु हो । मन्दिर, मस्जिद, गुम्बाको मात्र स्थान हुनु भनेको आदिवासी जनजातिको संस्कृति र आस्थालाई हिन्दू धर्ममा नै विलय गराउने योजनाबद्ध नीति नै निरन्तर कायम राख्नु हो भनी बुझ्नु पर्ने हुन्छ । अर्को कुरा आदिवासी जनजातिको साँस्कृतिक तथा आध्यात्मिक स्थलहरूलाई गैरकानुनी रूपमा स्थापना भएको भनी भ्रम पैदा गरी बनको जग्गा, सरकारी जग्गा, सार्वजनिक जग्गा आदिको नाम दिई हटाउने कार्य यही षडयन्त्रको एक अंग पनि हुन सक्छ ।

१०.१२. व्यक्तिगत खण्डको भाषाको प्रश्नमा पूर्खाको भाषा कुन हो ? दोस्रो भाषा कुन हो ? भनेर सोध्नु भनेको नै दोस्रो भाषा कुन हो ? भन्ने प्रश्नबाट खस नेपाली भाषा र पूर्खाको भाषा कुन हो ? भन्ने प्रश्नबाट संस्कृत भाषाका वक्ताहरूको बढी तथ्यांक ल्याउने नियत हो भन्ने बुझिन्छ । यसबाट नेपाली भाषालाई केन्द्र देखि स्थानीय तहसम्मको सरकारी कामकाजको भाषा बनाउने र केन्द्रदेखि स्थानीय तहसम्म संस्कृत भाषालाई पठनपाठनको विषय बनाउने

---

[१६] ILO Convention N0. 169, UNDRIP, 2007

[१७] राष्ट्रिय जनगणना २०७८, सामुदायिक प्रश्नावलीको खण्ड शहरी सेवा सुविधामा वडावासीको पहुँचको अवस्था प्रश्न १६ भौतिक पूर्वाधार/सेवा सुविधा (१५)

आधार निर्माण गर्नु हो । त्यसैले सबै प्रकारको भाषिक उत्पीडनबाट मुक्त हुन तथा आफनो मातृभाषालाई पठनपाठन र सरकारी कामकाजको भाषा बनाउन आदिवासी जनजाति सचेत हुन अति नै जरूरी छ ।

१०.१३. **प्रश्न सोधाइ, बुझाइ र गणकको नियत :** प्रश्न महत्वपूर्ण हुँदा हुदै पनि प्रश्न सोधाइ र बुझाइले पनि उत्तर संकलनमा महत्वपूर्ण स्थान हासिल गर्दछ । जब गणक र उत्तरदाताबीच स्पष्ट बुझाइको संचार स्थापित हुन सक्दैन, नियत नै खराब हुन्छ तब जनगणनामा गलत तथ्याङ्क आउने क्रम त्यहीं विन्दुबाट सुरू हुन्छ । अझ जनगणनाकै भाषामा भन्ने हो भने तथ्याङ्क सम्बन्धी गल्ती "ओभर काउन्टीङ र अन्डर काउन्टीङ" को क्रम त्यहीं थलोबाट शुरू हुन्छ ।[१८] यस्तो गलत तथ्याङ्क (इरर डाटा) ले कालान्तरमा तथ्याङ्कलाई मिथ्याङ्कमा बदलिदिन्छ । दोस्रो भाषा, मातृभाषा, पूर्खाको भाषा कुन हो भन्ने प्रश्नमा सफा नियत र बुझाई जरूरी हुन सक्छ जस्तो आदिवासी जनजातिको पूर्खाको भाषा र मातृ भाषा खसआर्यको जस्तो खस नेपाली र संस्कृत दुईवटा हुदैन र दोस्रो भाषा खस नै हुन्छ भन्ने छैन, अर्को आदिवासी जनजाति मातृ भाषा हुन सक्छ तर बुझाई र गणकको नियतको कारणले तथ्याङ्क भिन्न संकलन हुन सक्छ । २०६८ को जनगणनामा नेपाली खसभाषाको बढी प्रतिशत आउनु यसको उदाहरण हो । "मेरो दोस्रो भाषा नेपाली लेखिदिएछ, मेरो दोस्रो भाषा नेपाली होइन भन्दा, तपाई किन ढाट्नु हुन्छ मसंग खै त नेपाली नै बोल्नु भएको छ ?" भनी सच्याउन नै मानेन दोस्रो भाषा नेपाली नै हो भनेर आफै टिपेर लगेर गयो[१९] । आम शिकायत यही छ । त्यस्तै गणकले जानी–जानी पनि गलत नियतका कारण तथ्याङ्कलाई मिथ्याङ्क बनाएको हुन्छ जस्तो धर्मको प्रश्नमा तपाई दसै मान्नु हुन्छ ? मान्छु , अनि लेखिन्छ हिन्दू धर्म, तपाईको धर्म के हो वा कुन धर्म मान्नु हुन्छ नभनी यस्ता लिडिङ्ग (सोध्नेले चाहे जस्तो उत्तर निकाल्ने) प्रश्न सोध्ने गरिन्छ । धर्मको सन्दर्भमा धेरै गणकहरूले अनुमानकै भरमा व्यक्तिको धर्म उल्लेख गर्ने गरेको पाइयो । विशेषत उत्तरदाताको भूमिका गौण राखियो र  प्रायजसो प्रश्नको उत्तर आफैंले भनेर लेख्ने गरिएको पाइयो ।[२०]

१०.१४. सामुदायिक प्रश्नावलीको मुख्य उद्देश्य त्यस वडामा रहेको जातजाति, मातृभाषा, धर्म र सार्वजनिक सेवाको उपलब्धता आदिको तथ्यांक लिने हो तर यो प्रश्नावलीको उत्तर वडाको कुनै कर्मचारीबाट[२१] पनि लिन सकिने भएको हुदाँ वास्तविक तथ्यांक नआउन सक्ने प्रवल सम्भावना रहेको देखिन्छ । त्यस्तै सामुदायिक भवन वा सभाहलको प्रश्नमा समेत वडाका मानिसहरूले आदिवासी जनजातिहरूको पाटी–पौवा, रोदीघर, चुम्लुङहिम् आदि सभाहल तथा सामुदायिक भवनलाई यसभित्र नपार्ने त्यतिकै सम्भावना रहेको

[१८] अनलाईन खबर, चेतन अधिकारी जनगणनामा कस्ता प्रश्न कस्ता उत्तर?, २०७७ भदौ २६ ।

[१९] उत्तमकुमार सुनुवार राष्ट्रिय जनगणना, २०६८ आदिवासी जनजातिको दृष्टिकोण, प्रकाशकः लाहुर्निप, २०६८, पेज नं. १४ ।

[२०] Ibid, १५

[२१] राष्ट्रिय जनगणना, २०७८ नमूना (पाईलट) जनगणना २०७६, सुपरिपेक्षक निर्देशिका, राष्ट्रिय योजना आयोग, तथ्यांक विभाग, रामशाहापथ काठमाडौं, पेज नं. ५७

पाइन्छ । त्यसैगरी नै तपाईको उमेर कति भयो ? भन्ने प्रश्नको उत्तरमा समय, भाषा संस्कृतिले समेत प्रभाव पार्दछ । यो प्रश्नमा बाबु ७ सालको उभौली पूजा गर्न साकेला थान गएको समयमा जन्मेको थियो भन्यो भने उभौली कुन दिन र महिनामा पर्छ गैरआदिवासीलाई थाहा नहुन सक्छ । त्यसैले (नागरिकता नहेरे) उसले गलत तथ्यांक संकलन गर्ने बढी सम्भावना हुन्छ ।

१०.१५. मुख्य प्रश्नावलीको परिवारिक खण्ड अन्तर्गत "विदेश गएका अनुपस्थित सदस्यको विवरण" तथा व्यक्तिगत खण्ड अन्तर्गत "जन्म र बसाईसराईको विवरण" भन्ने प्रश्नावली समेत महत्वपूर्ण रहेको छ । तर यसलाई कसरी प्रश्न गरिन्छ र बुझ्ने बुझाउने गरिन्छ भन्ने विषय बढी गहन रहेको हुन्छ । यो प्रश्न विशेष गरी प्रतिनिधिसभामा हुने प्रतिनिधिको संख्या तोक्न र विशेष, स्वायत्त र संरक्षित क्षेत्र तथा प्रदेश निर्धारणमा महत्वपूर्ण रहेको पाइन्छ । जनसंख्या, समुदाय र साँस्कृतिक पहिचानको आधारमा नै प्रदेश, स्वायत्त क्षेत्र, विशेष क्षेत्र, संरक्षित क्षेत्र र प्रदेशको प्रतिनिधि निर्धारण गर्ने भन्ने राजनीतिक अधिकारको रूपमा संवैधानिक व्यवस्था रहेकोछ । अल्पसंख्यक र छरिएर रहेका समूह वा समुदायले सुविधा पाउन सक्छ । तर अधिकार दावी गर्न सक्दैन । त्यसैले आफ्नो उपस्थितिलाई प्रभावकारी देखाउन यो प्रश्नावली ज्यादै महत्वपूर्ण रहेको छ । पछिल्लो जनगणनाहरूमा यी प्रश्नको उत्तरमा विभिन्न काम विशेषले अस्थायी बसोवासको लागि र रोजगारको लागि आफ्नो परम्परागत ठाउँ छाडी विदेश तथा शहरबजार, सदरमुकाम तथा अन्य जिल्लामा गएका आफना परिवारका सदस्यहरूको विवरण आफनो परम्परागत ठाउँमा (पुर्खौली बसोवासको ठाउँमा) विवरण टिपाउन नसक्दा आफ्नो परम्परागत बासस्थानका साथ-साथै शहरबजार तथा सदरमुकाममा समेत अल्पमतमा आदिवासी रहन[२२] गएको भन्ने देखिन्छ । यस्ता नकारात्मक तथ्याङ्कको कारण प्रदेश तथा विशेष, स्वायत्त र संरक्षित क्षेत्र निर्माणमा नकारात्मक असर जाने देखिन्छ । २०५८ मा आदिवासी जनजातिको जनसंख्या करिब ३८ प्रतिशतबाट घटेर २०६८ सालमा करीब ३५ प्रतिशतमा झर्नु पनि यो प्रश्नावलीको उत्तरले पनि महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । त्यसैले आदिवासीको वास्तविक तथ्याङ्क ल्याउन यो प्रश्नावलीको बुझाइ र उत्तर लेखाइको पूर्ण भूमिका छ ।

१०.१६. **आदिवासी जनजातिको सक्रियता :** आदिवासी जनजातिहरूको जनगणनामा हुने सक्रियता पनि महत्वपूर्ण रहेको छ । जनगणना प्रति हुने सक्रियता, गम्भीरता र सचेतनाले समेत तथ्यांकमा सकारात्मक परिवर्तन ल्याउने गर्दछ । २०५८ सालको जनगणनामा आदिवासी जनजातिको ३८ प्रतिशत जनसंख्या तथ्यांकमा देखिनुमा धेरैमध्ये एक यही कारण थियो, तर २०६८ को जनगणनामा ३५ प्रतिशतमा घटेको तथ्यांक आउनुमा आदिवासी जनजातिको संस्था तथा व्यक्तिहरूको उत्साहजनक सहभागिता र सक्रियता जनगणनाप्रति नहुनु र गैर

[२२] उत्तमकुमार सुनुवार, राष्ट्रिय जनगणना, २०६८ः आदिवासी जनजाति दृष्टिकोण, प्रकाशकः लाहुर्निप, २०६८, पेज नं. १४

आदिवासी र निकायहरूको सक्रियता बढ्नुलाई एक आधार भनी आदिवासी विज्ञहरूको बुझाइ रहेको छ । प्रत्येक आदिवासी जनजाति परिवारको गणना भयो भएन, गणक घर-घर पुग्यो पुगेन, प्रत्येक परिवारका सदस्यहरूले जनगणनाका प्रश्नहरू ठीकसंग बुझे बुझेनन् र ठीकसंग जवाफ दिए दिएनन्, गणकहरूले उत्तर ठीकसंग टिपे टिपेनन् (इन्ट्री गरे गरेनन्), उत्तर गलत भए सच्याउने अवसर दिए दिएनन् र उत्तरहरू (तथ्याङ्क) ठीकसंग इमान्दारीपूर्वक पारदर्शी ढंगले प्रशोधन भए भएनन् आदिवासी जनजाति संस्था र कार्यकर्ता, अधिकारीवादीहरूले पूर्ण रूपमा निगरानी गर्न पर्दछ । यसका साथै यथासमयमा तथ्याङ्क प्रशोधन हुँदा जाति, भाषा, धर्म लिङ्ग र क्षेत्रका आधारमा खण्डिकृत तथ्याङ्क प्रकाशित गर्न जोड दिनु पर्दछ ।

## ११. तथ्याङ्क के हो ?

तथ्याङ्क भनेको परिमाणात्मक वा गुणात्मक रूपमा यथार्थताको प्रमाणिक सूचना राख्ने वैज्ञानिक विधि, प्रक्रिया र प्रणाली हो । सामान्यतया तथ्याङ्क भनेको वैज्ञानिक विधि, प्रक्रिया तथा प्रणाली अवलम्बन गरी वस्तुनिष्ठ यथार्थता, तथ्यपरक सूचना वा जानकारीहरूबाट विवेचना वा चिन्तन (reasoning), विचार-विमर्श वा गणनाका लागि उत्पादन गरिएका परिमाणात्मक तथा गुणात्मक प्रकृति प्रकट गर्ने संख्या वा अंक र आकृति (रेखाचित्र आदि) हुन् । नेपालमा केन्द्रीय तथ्याङ्क विभाग तथ्याङ्क सम्बन्धी काम गर्ने सरकारको अधिकारिक निकाय हो । यसले नै देशलाई आवश्यक जनगणना सहित सबै प्रकारको तथ्याङ्क संकलन, प्रशोधन, उत्पादन तथा सार्वजनिक गर्ने गर्दछ ।

## १२. राष्ट्रिय जनगणनाको तथ्याङ्कः तथ्याङ्क कि मिथ्याङ्क ?

नेपाल सरकार तथ्याङ्क विभागले प्रत्येक १० वर्षको अवधिमा मुलुकको विविध विषयहरूको विवरण लिई तथ्याङ्क सङकलन गर्दै आएको छ । ती तथ्याङ्कको एकीकृत रूपमा प्रशोधन गरी विवरण प्रकाशित गर्दै आइरहेको छ । जनगणनाको विवरण तथा विष्लेषण यथार्थ रूपमा आयो भने त्यसलाई जनगणनाको तथ्याङ्क मानिन्छ । तर, गणनाबाट प्राप्त तथ्य विवरणलाई ढाकछोप गरी भ्रमात्मक असत्य विवरण सार्वजनिक गरे मिथ्याङ्क त्यसलाई भन्नु पर्ने हुन्छ ।

आदिवासी जनजातिहरूको वास्तविक पहिचान, पुर्ख्यौली भूमि, भाषा, धर्म, संस्कृति, इतिहास, पुरातात्विक स्थलहरू र प्राकृतिक स्रोतसाधनहरू सम्बन्धी जनगणनाहरूका तथ्याङ्कहरू आएको पाइदैन । एकतिर जनगणनाको प्रश्नावलीमै यी विषयहरू स्पष्टसंग रहेको पाइदैन भने अर्कातिर प्रश्नहरू बुझाउने र सोध्ने, उत्तर लेख्ने तरिका र अभ्यास नै गलत भएको पाइन्छ ।[२३] परिणाम स्वरूप

[२३] उत्तमकुमार सुनुवार, राष्ट्रिय जनगणना २०६८: आदिवासी जनजाति दृष्टिकोण, प्रकाशकः लाहुर्निप, २०६८, पेज नं. १४

हरेक जनगणनामा जात-जातिको नाम र संख्या अस्वभाविक रूपमा कहिले धेरै, कहिले थोरै निस्कन्छ । त्यसरी नै हिन्दु धर्मावलम्बीहरूलाई अत्यधिक देखाउने र अन्य धर्मालम्बीहरूलाई अत्यन्तै न्यून अनुपातमा देखाउने, खस नेपाली भाषीलाई अत्यधिक देखाउने र गैर खस-नेपाली भाषीहरूलाई न्यून संख्यामा देखाउने, वास्तविक जातीय पहिचान ढाकछोप गर्ने, भूस्वामित्व र उपयोग तथाकथित उच्च जातको भन्दा आदिवासी जनजातिको बढी देखाउने, बेरोजगार तथा अर्द्धबेरोजगारको संख्या तथाकथित उच्चजातका व्यक्तिहरूमा बढी देखाउने, भातृभाषामा प्राथमिक शिक्षाको अधिकारबाट वंचित बालबालिकाको संख्या अत्यन्तै न्यून भएकाले सार्वजनिक नगर्ने जस्ता कुरा २०६८ सालको जनगणनासम्म पनि कायमै देखिन्छ ।

अस्पष्ट र अपूर्ण प्रश्नावली मात्र होइन, गणक तथा सुपरभाइजरको नियुक्तिदेखि लिएर प्रश्नावली भर्ने-भराउने काम, कम्पूटरमा तथ्याङ्क इन्ट्री गर्ने, ती तथ्याङ्कहरूलाई रूजु गर्ने, तथ्याङ्क प्रशोधन गर्ने, लगायतका सारा कार्य पारदर्शी, तटस्थ र भरपर्दो एवं विश्वासनीय छैनन् । जनगणनाको तथ्याङ्क देशका सबै थरिका र सबै तप्काका जनताको सम्पत्ति हो भन्ने भावना जनगणनामा संलग्न अधिकारी एवं कार्यकर्त्ताहरूमा कहिल्यै देखिएको छैन । यस जनगणना अभियानमा पनि प्रपञ्चका छिद्रहरू मात्र देखिन्छन् र तथ्याङ्कबाट पनि राज्यसत्ताका शक्ति-समूहको स्वार्थ मात्र कसरी पूर्त्ति गर्न सकिन्छ भन्ने मनसाय भरपूर देखिन्छ ।

त्यसकारण, आदिवासी जनजातिहरूका बुद्धिजीवी, अभियन्ता र जातीय संघसंस्थाहरूले विगतमा गरिएको राष्ट्रिय जनगणनाहरूको तथ्याङ्कमा आदिवासी जनजातिहरूको यर्थाथ तथ्याङ्क नआएकोले यो तथ्याङ्क होइन मिथ्याङ्क् भएको दावी गर्दै आएका हुन् ।

## १३. निष्कर्ष

- संविधान अनुसारको हक कार्यान्वयन हुने गरी आदिवासी जनजातिको सन्दर्भमा प्रश्नावली तयार नभएको
- प्रश्नावलीबाट आदिवासी जनजातिको सत्य साचो पहिचानसहितको खण्डीकृत तथ्यांक नआउने ।
- आदिवासी जनजातिको पहिचान आउने होइन, पहिचान विलय गराउने प्रकारको प्रश्नावली निर्माण भएको ।
- सम्पूर्ण आदिवासी जनजाति एक भए प्रश्नावली संशोधन गर्न र जातजाति, भाषा र धर्मलगायतको तथ्यांकमा सकारात्मक परिणाम निकाल्न सकिन्छ । तर आदिवासी जनजाति व्यक्तिगत स्वार्थमा होइन, सामुहिक तथा संस्थागत रूपमा सही ढंगले अगाडि बढ्न जरूरी देखिन्छ ।

# १४. सिफारिश

## १३.१. नेपाल सरकारः

- प्रश्नावलीलाई अन्तिम रूप दिनभन्दा पहिले नेपाल सरकारले आदिवासी जनजातिहरूको छाता संगठन नेपाल आदिवासी जनजाति महासंध तथा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ र आदिवासी जनजातिहरूको अन्य संघसंस्थाहरूसंग संस्थागत परामर्श, छलफल, सहमति कायम गर्नुपर्दछ । वडाको सुविधा अन्तर्गत आदिवासीहरूको आध्यात्मिक स्थलहरूको नाम उल्लेख गर्नुपर्दछ, ताकि आदिवासी जनजातिहरूको आफ्नो पहिचानको कुरा समेटिन सकियोस् ।
- नमूना जनगणनामा आदिवासी जनजातिको समानुपातिक सिद्धान्तको आधारमा प्रतिनिधित्व हुनुपर्छ ।
- सुपरिवेक्षक, गणकलगायत जनगणनाका कार्यहरूमा आदिवासी जनजातिको समानुपातिक सिद्धान्तको आधारमा अनिवार्य रूपमा कम्तीमा पनि ३६ प्रतिशत प्रतिनिधित्व हुनुपर्छ ।
- महिलाको नाममा हुने प्रतिनिधित्वमा समेत कम्तीमा पनि ३६ प्रतिशत आदिवासी जनजाति महिलाको प्रतिनिधित्व हुनु पर्छ ।
- प्रश्नावलीलगायतका जनगणना सामग्रीहरू आदिवासी जनजातिले बुझ्ने भाषामा प्रकाशित र प्रचार प्रसार हुनु पर्छ । खस भाषा नबुझ्नेहरूका लागि मातृभाषाका अनुवादकहरूको व्यवस्था हुनुपर्छ ।
- उत्तरदाताले आफ्नो उत्तर सच्याउन चाहेमा सच्याउने अवसर दिनु पर्दछ ।
- प्राप्त तथ्यांकको प्रशोधन, विश्लेषण र प्रकाशनमा आदिवासी जनजातिको प्रभावकारी प्रतिनिधित्व हुनुपर्दछ ।
- आदिवासी जनजातिको पहिचानसहितको खण्डीकृत तथ्यांक संकलन गरी प्रकाशन गर्नु पर्दछ ।
- तथ्याङ्कमा सबैको पहुँच सुनिश्चित गर्न "इन्टरऐक्टिभ डाटा टुल्स र एप्स" (interactive data tools and apps) निर्माण गर्नु पर्दछ ।

## १३.२. मानव अधिकार आयोगः

- मानव अधिकार आयोगले आफ्नो हरेक क्षेत्रको संरचनालाई पूर्णरूपमा चलायमान बनाई निष्पक्ष तथ्यांक आउने र कुनै कुरामा विभेद् नहुने गरी प्रश्नावली र जनगणनालाई अनुगमन गर्नुका साथै मानव अधिकारको पक्षमा सरकारलाई सिफारिश गर्नु पर्छ ।
- प्रतिनिधित्व, प्रश्नावली र तथ्यांक संकलनमा जाति, भाषा, धर्म, लिंग तथा क्षेत्रीयताका आधारमा हुने विभेद् रोक्न सरकारलाई सिफारिस र प्रतिवेदन दिने व्यवस्था गरिनु पर्छ ।
- अन्तर्राष्ट्रिय मानव अधिकारको दायित्व अन्तर्गत आदिवासीको पहिचानमा आधारित खण्डीकृत तथ्यांक प्रकाशित गर्न सरकारलाई सिफारिश गर्नु पर्दछ ।

## १३.३ आदिवासी जनजाति महासंघ/राष्ट्रिय आदिवासी जनजाति महिला महासंघः

- जनगणनामा आदिवासी जनजातिको प्रतिनिधित्व र खण्डीकृत तथ्यांकको लागि सरकारलाई निरन्तर दवाव दिनु ।
- को जनगणनाको प्रश्नावलीलाई आदिवासीमैत्री बनाउन संशोधनको प्रयास जारी राख्ने ।
- २०७८ को जनगणनामा आदिवासी जनजातिको पहिचान र उपस्थितिलाई प्रभावकारी बनाउन प्रत्येक जातीय संस्थाको तल्लो तहसम्म छलफल गोष्ठि गराई संगठित आवाज तथा निर्णय गर्न लगाउन अभिप्रेरित गर्नु पर्दछ र आन्तरिक मतान्तर र विभाजनलाई निर्मूल पार्ने प्रयत्न गर्ने ।
- जनगणनामा सकारात्मक परिणाम ल्याउन जनचेतनाको कार्यक्रम विभिन्न आदिवासी जनजाति संस्थाहरूलाई विभिन्न माध्यमबाट संचालन गर्न परिचालित गर्ने ।
- आफ्नो हरेक संरचना र जनशक्तिलाई टोल–टोलसम्म जनगणना अनुगमनमा परिचालित गर्ने ।

## १३.४. अन्तर्राष्ट्रिय संघसंस्थाः

- आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणपत्र, २००७ र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ अनुसार आदिवासीको मानव अधिकारको पक्षमा अनुगमन गर्ने र सरकारलाई सिफारिस गर्ने, तथा विज्ञप्ति प्रकाशन गर्ने ।
- आदिवासी जनजातिहरूको पहिचानसहितको खण्डीकृत तथ्यांकको लागि सरकारलाई सिफारिश गर्ने र आदिवासी जनजातिहरूको वास्तविक तथ्यांक संकलन र प्रशोधन गर्न सरकार र आदिवासी जनजातिको संघसंस्थाहरूलाई जनगणना जागरण अभियान संचालन गर्न सहयोग गर्ने ।

## १३.५. आदिवासी जातीय संस्था

- आ–आफ्नो समुदायमा प्रश्नावलीको विषयमा छलफल चलाउने र सामुहिक निर्णयबाट समुदायको हितमा निर्णय गर्ने ।
- निर्णयहरूलाई सबै तहमा जानकारी गर्ने र प्रचार प्रसार गर्ने, भएका विवादहरूलाई न्यूनीकरण गर्ने र जनगणनामा समुदायको प्रभावकारी उपस्थितिको लागि बुझाउने ।

## १३.६ आदिवासीमा अपिल

- सामुदायिक निर्णयलाई अगाडि बढाउन सहयोग गर्ने र चेतना र प्रचार प्रसारको काममा सघाउ पुऱ्याउने ।
- आफ्नो समुदाय र परिवारको वास्तविक तथ्यांक ल्याउन सचेत गराउने र गणना भएको ठाउँमा उपस्थित हुने वा हुनलगाउने ।
- सामुदायिक प्रश्नावली भर्ने कार्यको चनाखो भएर निगरानि गर्ने र उत्तर भ्रमात्मक भए तुरून्तै आपत्ति गर्ने ।

# १५. जनगणनाको प्रश्नको उत्तरमा के टिपाउने ? ।
## केहि आदिवासी संस्थानहरूको निर्णयहरू

आदिवासि जनजातिहरूले २०७८ को जनगणनाको प्रश्नावलीको सम्बन्धमा कुन प्रश्नमा के लेख्ने भनी संस्थागत निर्णय गरी आफ्नो समुदायलाई गरेको अपिल अनुसार निर्माण गरिएको सूची

| सि.नं. | समुदाय | जाति | मातृभाषा | पूर्खाको भाषा | दोस्रो भाषा | धर्म | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | किसान समुदाय क्लव । | | | | | | |
| २ | नेपल कुमाल समाज सुधार समिति । | थर+कुमाल | कुमाल | कुमाल | | प्रकृति | |
| ३ | नेपाल गन्गाई कल्याण परिषद् । | गन्गाई | अंगीका | अंगीका | | प्रकृति | |
| ४ | तमू ह्यूल छौँ.जधी (गुरु राष्ट्रिय परिषद) | गुरूङ | गुरूङ | गुरूङ | १. प्रदेशमा राई वा लिम्बू भाषा<br>२. प्रदेशमा मैथिली भाषा<br>३. प्रदेशमा तामाङ भाषा<br>४. प्रदेशमा मगर भाषा<br>५. प्रदेशमा थारू भाषा<br>६. प्रदेशमा थारू भाषा<br>७. प्रदेशमा थारू भाषा | बौद्ध/बोन | |
| ५ | नेपाल (प्रजा) चेपाङ संघ । | | | | | | |
| ६ | नेपाल छन्त्याल संघ । | छन्त्याल | छन्त्याल | छन्त्याल | | बौद्ध/प्रकृति | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | जिरेल संघ नेपाल । | जिरेल | जिरेल | जिरेल | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | किरात | |
| ८ | नेपाल झाँगड (उरावं) कोड्रेम सुधारा । | झाँगड (उरावँ) | कुडुक पगमगप | उरावँ | मैथिली | प्रकृति/सर्ना | |
| ९ | ताजपुरिया समाज कल्याण परिषद् । | | | | | | |
| १० | नेपाल तामाङ घेदुङ । | तामाङ | तामाङ | तामाङ | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | बौद्ध | |
| ११ | तांबे समाज सेवा संघ । | | | | | | |
| १२ | ताक्पेगोला समाज सेवा समिति । | ढोक्प्या | ढोक्प्या | ढोक्प्या | लिम्बू | बौद्ध | |
| १३ | थकाली सेवा समिति । | | | | | | |
| १४ | नेपाल थामी समाज । | थामी | थामी | थामी | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | किरात | |
| १५ | थारू कल्याणकारी सभा । | थर+थारू | थारू | थारू | | बौद्ध | |
| १६ | दनुवार जागरण समिति । | | | | | | |
| १७ | नेपाल दराई उत्थान समाज । | | | | | | |
| १८ | दुरा सेवा समाज । | दुरा | दुरा | दुरा | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | बौद्ध/बोन | |
| १९ | धिमाल जाति विकास केन्द्र । | | | | | | |
| २० | नेवाः देय दबु । | नेवार | नेवार | नेवार | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | शैब/बौद्ध/नेवार/साक्त | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | नेपाल पहरी विकास संघ । | पहरी | पहरी | पहरी | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | प्रकृति | |
| २२ | नेपाल बराम संघ । | बराम | बराम | बराम | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | | |
| २३ | नेपाल बोटे समाज सेवा । | | | | | | |
| २४ | भुजेल समाज सेवा समिति | भुजेल | भुजेल | भुजेल | | प्रकृति | |
| २५ | नेपाल भोटे जनजाति सेवा समिति । | | | | | | |
| २६ | नेपाल मगर संघ । | मगर | मगर | मगरढुट, मगर खाम, मगर काइके | मगरढुट, मगर खाम, मगर काइके मध्ये कुनै एक | प्रकृति/ बौद्ध | |
| २७ | नेपाल माझी उत्थान संघ । | माझी | माझी | माझी | | तान्त्रिक/ प्रकृति | |
| २८ | मुगाल जनजाति समाज कल्याण कन्द्र । | मुगाल | मुगाल | मुगाल | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | बौद्ध | |
| २९ | मेचे समाज सिवीयारी अफात । | मेचे | मेचे | मेचे | नेपाली | बाठो | |
| ३० | किरात याक्खा छुम्मा । | याक्खा | याक्खा | याक्खा | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | किरात | |
| ३१ | किरात याक्थुङ चुम्लुङ । | लिम्बू | लिम्बू | लिम्बू | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | किरात | |
| ३२ | किरात राई यायोक्खा । | राई | आ-आफ्नो थरगत भाषा | आ-आफ्नो थरगत भाषा | नजिकको कुनै एक राई वा किरातीहरूको कुनै एक भाषा | किरात | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३३ | राजवंशी समाज विकास समिति । | राजवंशी | राजवंशी | राजवंशी | अंगीका | प्रकृति | |
| ३४ | राजी शाल्म समाज । | राजी | राजी | राजी | थारू | प्रकृति | |
| ३५ | रोङ सेजुम ठी (लाप्चा) | | | | | | |
| ३६ | लार्के समाज कल्याण केन्द्र । | | | | | | |
| ३७ | वालुङ सेवा समाज । | वालुङ | वालुङ | वालुङ | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | बौद्ध | |
| ३८ | ल्होमी (शिङ्सा) कल्याण केन्द्र । | ल्होमी (शिङ्सा) | ल्होमी | ल्होमी | तामाङ/शेर्पा | बौद्ध | |
| ३९ | नेपाल शेर्पा संघ । | शेर्पा | शेर्पा | शेर्पा | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा मातृभाषा | बौद्ध | |
| ४० | व्याँसी शौका समाज । | | | | | | |
| ४१ | नेपाल सन्थाल आदिवासी उत्थान संघ । | संथाल | सन्थाली | सन्थाली | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | शार्नाे /विदिन | |
| ४२ | सियार समाज कल्याण केन्द्र । | | | | | | |
| ४३ | सुनुवार सेवा समाज । | सुनुवार | सुनुवार | सुनुवार | वाहिङ् वा छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | किरात | |
| ४४ | वायु गुखाता कोलु पंदाक्मी (हायु) | हायु | हायु | हायु | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | किरात | |
| ४५ | नेपाल ह्योल्मो समाज सेवा संघ । | ह्योल्मो | ह्योल्मो | ह्योल्मो | तामाङ/छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | बौद्ध | |
| ४६ | मार्फा थकाली समाज सेवा सदन । | मार्फाली | मार्फाली | मार्फाली | गुरूङ | बौद्ध | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४७ | तीन गाउँले थकाली सेवा समिति । | | | | | | |
| ४८ | नेपाल डोल्पो जनजाति विकास केन्द्र । | डोल्पो | डोल्पो | डोल्पो | भोटभाषा/सम्बोटा लिपी | बौद्ध | |
| ४९ | थुदाम सेवा समाज । | | | | | | |
| ५० | सुरेल जाति उत्थान समाज | सुरेल | सुरेल | सुरेल | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | किरात | |
| ५१ | नेपाल धानुक समाज । | | | | | | |
| ५२ | कुचबाडिया उत्थान संघ । | | | | | | |
| ५३ | बाह्रगाँउ समाज सेवा समिति । | बाह्रगाँउ | बाह्रगाँउ | बाह्रगाउ | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | बौद्ध | |
| ५४ | लो छोधुन ल्होपा संघ । | ल्होपा | ल्होपा | ल्होपा | | बौद्ध | |
| ५५ | नेपाल राउटे विकास संघ । | | | | | | |
| ५६ | नेपाल कुसुण्डा विकास समाज । | | | | | | |
| ५७ | किरातजन्य संस्था | आ-आफ्नो जाति | आ-आफ्नो जातिको मातृ भाषा | आ-आफ्नो जातिको मातृभाषा | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | किरात | सात संस्थाको २०७५।३।१५ को निर्णय । |
| ५८ | लिःल फङ (घले समाज) | घले | घले | घले | छिमेकी आदिवासी जनजातिले बोल्ने मातृभाषा | वौद्ध वा वोन | |
| ५९ | वाम्बुले राई समाज, नेपाल (वाम्रास) | राई | वाम्बुले | वाम्बुले | नजिकको कुनै राई जाति वा किराती समुदायको मातृ भाषा | किरात | |

# १६. केहि जातिय संस्थाका निर्णयहरू

## किरात समन्वय समितिको निर्णय

# किरात समन्वय समिति

## कोटेश्वर, काठमाडौं

**प्रष्ट, मजबुत र संगठित तथ्याङ्क किन ?**

**जात/जाति महलको सन्दर्भमा** : हामी आदिवासी जनजातिको आन्दोलन समेतले स्थापित गरेको समानुपातिक समावेशीताको व्यवस्था बमोजिम राज्यसंयन्त्रहरुबाट योजना, अभ्यास, कार्यान्वयन भइरहेको अवस्था हो । यसका उदाहरणहरु संघीय संसद, प्रदेश संसदमा, निजामती सेवा, सेना, प्रहरी सेवाहरुमा प्रतिनिधित्व, सहभागिता एवम् प्रवेश हुन् । त्यसैगरी प्रान्त/राज्य प्राप्तिको लागि पनि विभिन्न आयोग, अध्ययन कार्यदल, योजनाविदहरुले जनसंख्यालाई एक प्रमुख आधार बनाएको हो र अझ रहनेछ । संविधानमा उल्लेखित स्वायत्तता, स्वशासन, विशेष संरक्षित क्षेत्रको व्यवस्थाहरुलाई योजना र अभ्यास गर्नको लागि पनि जातिगत जनसंख्या एक मुख्य आधार हुनेछ । यी व्यवस्थाहरुबाट प्रदत्त अधिकार उपभोग एवम् कार्यान्वयनलाई सुनिश्चित गर्न साथै थप अधिकार प्राप्तिको लडाईको लागि पनि प्रष्ट, र मजबुत जनसंख्या जरुरी हुन्छ ।

**पुर्खाको भाषा, मातृभाषा र दोश्रोभाषा महलको सन्दर्भमा** : हामी आदिवासी जनजातिहरुको एक प्रमुख सरोकार भनेको हाम्रा मातृभाषाहरुलाई सरकारी कामकाजी भाषाको रुपमा स्थापित गर्नु हो । संविधानले नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषाको रुपमा मान्यता दिएको छ । संविधानले प्रदेशको सरकारी कामकाजको रुपमा निर्धारण हुने, भाषा आयोगको सिफारिस बमोजिम हुने व्यवस्था गरेको छ । त्यसैगरी कतिपय स्थानीय सरकार साथै अदालतहरुले मातृभाषाको प्रयोग एवम् अभ्यास गर्न थालेका छन् । मातृभाषाहरुलाई सरकारी कामकाजी भाषाको रुपमा स्थापित एवम् सुनिश्चित गर्नको लागि पुर्खाको भाषा, मातृभाषाको महलमा हालसम्म स्थापित र परिचित आआफनो मातृभाषाहरु लेखौं लेखाऔं । त्यसैगरी दोश्रोभाषा महलमा आफना नजीकका आदिवासी जनजातिहरुको मातृभाषालाई लेखौं लेखाऔं ।

**धर्मको महलको सन्दर्भमा** : नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त देश हो । नेपाल धर्मनिरपेक्ष राज्य पनि हो । धर्मनिरपेक्षता हामी आदिवासी जनजातिको आन्दोलनको एजेन्डा एवम् उपलब्धी हो । नेपालको धर्मनिरपेक्ष र बहुधार्मिक अवस्थालाई कायम गर्न गराउनको लागि संगठित, प्रतिशतमा देखिने र केही ब्यापक आकारको धर्मको रुपमा विगत २०४८ सालको जनगणनादेखि स्थापित 'किरात धर्म'को संख्यालाई कायम गराउँदै अझ वृद्धि गर्नु आवश्यक देखिन्छ । यो अभियानमा सहभागी भइरहदाँ आआफना मौलिक एवम् पृथक संस्कार संस्कृतिहरु पनि उत्तिकै महत्वका साथ आआफनो अस्तित्व र अभ्यासमा रहनेछन्, विलय हुनेछैनन् । यी विविध अनुष्ठानहरुको एकताबद्ध धार्मिक पहिचान किरात धर्म हुनेछ । संसारमा प्रचलित धर्महरुलाई हेर्दा बुझ्दा धर्म केही ब्यापक र ठूलो घेरामा परिचित भएका पाइन्छन् तथापि त्यसभित्र विभिन्न रुपहरु पाइन्छन् । धर्मनिरपेक्ष राज्य, समावेशी, धार्मिक स्वतन्त्रताको हकलाई अर्थपूर्ण र बलियो उपस्थिति सिद्ध गर्नको लागि धर्मको महलमा किरात धर्म लेखौं लेखाऔं ।

# किरात समन्वय समिति

## कोटेश्वर, काठमाडौं

तथ्याङ्क संकलन र निर्माण गर्नको लागि नेपालमा प्रत्येक दश वर्षमा राष्ट्रिय जनगणना हुने गरेको छ । जनगणना जनसंख्याहरु स्पष्ट बनाउने महत्वपूर्ण अवसर हो । राष्ट्रिय र व्यापकस्तरमा तथ्याङ्क संकलन हुने अवसर नेपालमा यो बाहेक अन्य छैन । राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक, भाषिक अधिकार प्राप्तिको लागि जनसंख्या एक आधारभूत पक्ष हो । अधिकार लडेर लिनलाई जनसंख्या जरुरी छ । जनसंख्या स्पष्ट मजबुत बनाउने समय र सन्दर्भमा अन्य विषयलाई प्रमुख मानी तर्क, बहस र विकल्पहरुमा अलमलियौं भने परिणामत: जनसंख्या कमजोर बनाउनेछ । अधिकारको संघर्ष, प्राप्ति र उपयोगलाई 'डिरेल' गर्नेछ । तसर्थ जनसंख्यालाई कमजोर बनाउने बहसहरुबाट सचेत भई प्रष्ट, मजबुत र व्यापक जनसंख्या निर्माणमा लागौं ।

| | |
|---|---|
| सुवास सुरेल<br>अध्यक्ष, सुरेल जाति उत्थान समाज केन्द्रीय समिति | धनवहादुर हायु<br>अध्यक्ष, किरात हायु समाज केन्द्रीय समिति |
| टहलबहादुर जिरेल<br>अध्यक्ष, जिरेल संघ नेपाल केन्द्रीय समिति | सुखवीर थामी<br>अध्यक्ष, नेपाल थामी समाज केन्द्रीय समिति |
| लिलबहादुर सेगु<br>अध्यक्ष, किरात याक्खा छुम्मा केन्द्रीय समिति | रणवीर सुनुवार<br>अध्यक्ष, सुनुवार सेवा समाज संघीय समिति |
| योगराज लिम्बु बनेम<br>अध्यक्ष, किरात याक्थुङ चुम्लुङ केन्द्रीय समति | दिवस राई<br>अध्यक्ष, किरात राई यायोक्खा केन्द्रिय समिति |

रजिष्टर्ड नं. ३२८/०४९/०५०
समाज कल्याण परिषद् दर्ता नं. २६५६

**किरात राई यायोक्खा**
**केन्द्रीय कार्यसमिति**
केन्द्रीय कार्यालय, कोटेश्वर काठमाडौं
२०४७

फोन/फ्याक्स नं. : ४१५५२३५
पो.ब.नं. : १९२३०
महादेवस्थान, कोटेश्वर-३५,काठमाडौं

पत्र संख्या ०७७/७८
च.नं. ००१८

मिति : २०७७/०६/२७

## हार्दिक अपिल !

२०७८ साल जेठ २५ देखि असार ८ सम्म नेपालमा **१२औं राष्ट्रिय जनगणना** हुन गइरहेको छ । राष्ट्रिय जनगणनाबाट आउने तथ्याङ्कले भोलिको दिनमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा ठूलो प्रभाव पार्ने भएकोले यो जनगणनामा सम्पूर्ण किरात राईहरु सक्रिय र अनिवार्य रुपले सहभागी भइदिनहुन हार्दिक अनुरोधसहित जनगणनाको क्रममा घरदैलोमा आउने गणकहरुले मुख्य प्रश्नावली अन्तर्गतको निम्न बुँदा नं. हरु **३.६, ३.७, ३.८, ३.९ र ३.१०** मा सोधिने प्रश्नहरुमा तल दिइएअनुसार आफ्नो जातीय पहिचान, भाषा र धर्मबारे टिपोट गर्न र गराइदिनहुन सम्पूर्ण किरात राई समुदायमा हार्दिक अपिल गर्दछौं ।

**सोधिने प्रश्नावली र उत्तरहरु**

**३.६ जात/जाति के हो ?**
- **राई**

**३.७ पूर्खाको भाषा कुन हो ?**
- **आफ्नो थगरत भाषा** (वाम्बुले, चाम्लिङ, तिलुङ, खालिङ, बायुङ/बाहिङ, जेरुङ, कुलुङ, नाछिरिङ, दुमी, कोयी, साम्पाङ, थुलुङ, पुमा, बान्तावा, दुङ्माली, आठपहरिया, छिन्ताङ, छिलिङ/छुलुङ, फाङ्दुवाली, मुगा/मुगाली, याम्फु, लोहोरुङ, बेल्हारे, मेवाहाङ, लुङ्खिम/लिङखिम, देवास मध्य एक)

**३.८ मातृभाषा कुन हो ?**
- **आफ्नो थगरत मातृभाषा** (वाम्बुले, चाम्लिङ, तिलुङ, खालिङ, बायुङ/बाहिङ, जेरुङ, कुलुङ, नाछिरिङ, दुमी, कोयी, साम्पाङ, थुलुङ, पुमा, बान्तावा, दुङ्माली, आठपहरिया, छिन्ताङ, छिलिङ/छुलुङ, फाङ्दुवाली, मुगा/मुगाली, याम्फु, लोहोरुङ, बेल्हारे, मेवाहाङ, लुङ्खिम/लिङखिम, देवास मध्ये एक)


**३.९ दोस्रो भाषा कुन हो ?**
- नजिकको कुनै एक राई वा किरातीहरुको कुनै एक भाषा ।

**३.१० कुन धर्म मान्नु हुन्छ ?**
- **किरात**

जनक राई
महासचिव

दिवस राई
अध्यक्ष

# किरात याक्थुङ चुम्लुको निर्णय तथा अपिल



KIRAT YAKTHUNG CHUMLUNG DISTRICT BRANCH LALITPUR

Lalitpur Chumlunghim, Tikhedewal, Shobhahiti, Lalitpur, Nepal
Phone: 01-5170548, P. O. Box No. 4548, Kathmandu
Email: kyclalitpurchumlung@yahoo.com, Facebook: Kyc Lalitpur Chumlung

मिति २०७७।०८।३० गते

**ललितपुर जिल्लाबासीहरुमा अपील**

आदरणीय जिल्लाबासी दिदीबहिनी तथा दाजुभाइहरु, सेवारो ।

'मेरो गणना, मेरो सहभागिता' भन्ने नाराकासाथ आगामी वि.सं. २०७८ जेठ २५ - असार ८ गते सम्पन्न हुन गइरहेको राष्ट्रिय जनगणनामा सबै दिदीबहिनी तथा दाजुभाइहरु सहभागी हुन लुङमेन्दीङ अपील गर्दछौं ।

राष्ट्रिय जनगणना २०७८ मुख्य प्रश्नावलीको व्यक्तिगत विवरण खण्ड

| जात/जाति के हो ? भन्ने महल | पुर्खाको भाषा कुन हो ? भन्ने महल | मातृभाषा कुन हो ? भन्ने महल | दोश्रो भाषा कुन हो ? भन्ने महल | कुन धर्म मान्नु हुन्छ ? भन्ने महल |
|---|---|---|---|---|
| **लिम्बु** | **लिम्बु** | **लिम्बु** | **नजीकको आदिवासी जनजातिको मातृभाषा** | **किरात धर्म** |

समानुपातिक समावेशीता व्यवस्थालाई अधिकारसम्मत एवम् प्रभावकारीरुपमा कार्यान्वयन गर्न गराउनको लागि जनसंख्यात्मक आधार निर्माणको लागि जात/जातिको महलमा 'लिम्बु' लेखौं लेखाऔं । मातृभाषालाई सरकारी कामकाजी भाषाको रुपमा स्थापित गर्न गराउनको लागि जनसंख्यात्मक आधार निर्माणको लागि मातृभाषाको महलमा 'लिम्बु' लेखौं लेखाऔं । धर्मनिरपेक्ष राज्य, बहुधार्मिक, समावेशी र धार्मिक स्वतन्त्रताको हकलाई कायम गर्न गराउन ठूलो घेरामा स्थापित 'किरात धर्म' लेखौं लेखाऔं ।

जनसंख्या शक्तिको श्रोत हो । राजनीतिक, सामाजिक, सांस्कृतिक, भाषिक अधिकार प्राप्तिको लागि जनसंख्या एक आधारभूत पक्ष हो । अधिकार लडेर लिनलाई जनसंख्या जरुरी छ । पहिचान, मौलिकताको बहसहरुलाई सम्मान गर्दछौं तर राष्ट्रिय जनगणनाको समय र सन्दर्भ भनेको जनसंख्या मजबुत बनाउने अवसर हो भन्ने बुझौं । जनसंख्या घट्ने घटाउने अन्य बहस, विकल्पहरुले हाम्रा यी अधिकारहरुको अभ्यासलाई अनिश्चित बनाउने भएकाले अलमलमा नपरौं । मजबुत, विश्वसनीय लिम्बु जनसंख्या निर्माणको लागि जनगणनामा सबै सहभागी बनौं ।

राम बहादुर थेबे लिम्बु
अध्यक्ष,
किरात याक्थुङ चुम्लुङ, ललितपुर जिल्ला कार्य समिति

१

## सुनुवार सेवा समाजको निर्णय तथा अपिलः

आज मिति २०७७ असोज ४ गते आइतवार सुनुवार सेवा समाजको भवन कोटेश्वर, काठमाडौंमा सुनुवार सेवा समाज अध्यक्ष रणवीर सुनुवारको अध्यक्षता-मा सुनुवार सेवा समाजको सचिवालय बैठक बस्यो।

उपस्थिति

| क्र.सं. | पद | नाम/थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | रणवीर सुनुवार | |
| २. | उपाध्यक्ष | अमृतकुमार सुनुवार | |
| ३. | ,, | शान्तकुमारी सुनुवार | |
| ४. | ,, | किरण मुखिया सुनुवार | |
| ५ | महासचिव | समीर मुखिया सुनुवार | |
| ६ | सचिव | उत्तमकुमार सुनुवार | |
| ७ | कोषाध्यक्ष | शोभा सुनुवार | |

प्रस्ताव

१. राष्ट्रिय जनगणना २०७८ सालको बारेमा।
२. लेखापरीक्षक नियुक्ति ~~सम्बन्धमा~~ बारेमा।
३. आमहरु प्रतिष्ठानको कार्यक्रम प्रस्ताव पेशगर्ने बारे।
४. विविध।

निर्णय

१. प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा सुनुवार सेवा समाज संघीय समितिले असार २० गते भएको केन्द्र बैठकको छलफल अनुसार देहाय बमोजिम कार्यक्रम गर्ने निर्णय गरियो-

१. संघीय समितिले आंगिक संस्थाहरूलाई प्रशिक्षक प्रशिक्षण कार्यक्रम गर्ने निर्णय गरियो।
२. संघीय समितिले जिल्ला समन्वय समिति र प्रदेश समितिसँग समन्वय गरेर (१) काठमाडौं, (२) रामेछाप-मा ३ ठाउँ (३) दोलखामा १ ठाउँ (४) ओखलढुंगामा २ ठाउँ (५) सिन्धुलीमा ३ ठाउँ (६) उदयपुरमा १ ठाउँ (७) सुनसरी-मोरङमा १ ठाउँ (८) झापामा १ ठाउँ (९) इलाममा १ ठाउँ (१०) पाँचथरमा १ ठाउँ (११) ताप्लेजुङमा १ ठाउँ (१२) प्रदेश

नं. २ को सल्लाहीमा १ गाउँ (१३) मकवानपुरको हेटौंडामा १ गाउँमा सचेतना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

३. प्रचारप्रसारको लागि कोईंच भाषामा अडियो भिडीयो विज्ञापन निर्माण गर्ने र त्यसैको खस भाषामा अनुवाद गर्ने निर्णय गरियो।

४. घरदैलो कार्यक्रमको लागि किराँत समन्वय समितिले प्रकाशन गर्ने पर्चालाई नै आधिकारिकता दिने निर्णय गरियो।

५. सचेतना कार्यक्रम पश्चात केन्द्रीय तथ्याङ्क विभागको स्थानीय कार्यालय स्थापना गरेर पछि सही तथ्य संकलन गर्नको लागि आदिवासी कोईंचको प्रतिनिधिमूलक संस्थाको संलग्नता तथा सहभागिताको लागि दबाब दिन ज्ञापनपत्र बुझाउने निर्णय गरियो।

६. कोईंच सुनुवारको सही तथ्य सङ्कलनको लागि रेडियो, अनलाइन, पत्रपत्रिका तथा सामाजिक सञ्जालमा प्रचार प्रसार गर्ने जातजातिको महलमा सुनुवार; पुर्खाको भाषामा सुनुवार, मातृभाषाको महलमा सुनुवार दोस्रो भाषाको महलमा बाहिक वा आफु नजिकका आदिवासीले बोल्ने भाषा र धर्मको महलमा किरात लेख्न लेखाउन वकालत गर्ने सुनुवार सेवा समाजको प्रदेश, जिल्ला, गाउँ, वडा समिति, विदेश शाखा र अंगिक संस्थालाई परिपत्र गर्ने निर्णय गरियो।

नि. २. प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा सुनुवार सेवा समाजको वार्षिक हिसाबकिताबलाई अद्यावधिक गर्न तथा लेखापरिक्षणको लागि लेखापरिक्षक राम बहादुर तामाङलाई नियुक्त गर्ने निर्णय गरियो। लेखापरिक्षकलाई लाग्ने पारिश्रमिक नियमबमोजिम भुक्तानी गर्ने निर्णय गरियो।

नि. ३. प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा सूचनानुसारका परियोजना कार्यक्रम सुनुवार सेवा समाजको क्षमता विकासको लागि प्रस्ताव पेश गर्ने

# लि:ल फङ (घले समाज) को निर्णय तथा अपिल

" लि:ल फङको अभियान घले जातिको स्वाभिमान "

## लि:ल फङ (घले समाज)

स्थापित : २०६[illegible]

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

**अपिल !!!**

**श्रद्धेय घले जातिका सम्पूर्ण जन समुदायप्रति १२ औं राष्ट्रिय जनगणना २०७८ को बारेमा गरिएको अपिल ।**

**स्युवख्यङ ,**

जनगणना भनेको नेपाल सरकारले तोकिएको समयमा देश वा क्षेत्रभित्र वसोवास गरिरहेको नेपाली जनताको सबै व्यक्ति, वा परिवारहरुको नाम थर, जात/जाति उमेर, मातृभाषा, धर्म, नागरिक्ता, शिक्षा, वैवाहिक स्थिति, जन्म, मृत्यु, पेशा, व्यवसाय, वसाइसराई, सामाजिक, आर्थिक, सांस्कृतिक आदिको विवरणहरु संकलन गर्ने र संकलित विवरणलाई प्रशोधन गरी तथ्याङ्क प्रकाशन गर्ने प्रक्रियालाई जनगणना भनिन्छ । जनगणनामा आएको तथ्याङ्कको विवरणलाई नै सरकारले विकासको मूल आधार बनाउने भएको हुनाले बाह्रौं राष्ट्रिय जनगणना २०७८ मा हामी घले जातिको जनसङख्या २०६८ को भन्दा अत्याधिक मात्रमा बढी ल्याउनु पर्ने आवश्यकता रहेको छ ।

तथ्याङ्क विभागले १२ औ राष्ट्रिय जनगणनाको तथ्याङ्क संकलन गर्ने मिति २०७८ साल जेष्ठ २५ देखि असार ८ गतेसम्ममा जनगणनाको सम्पूर्ण कार्यहरु सम्पन्न गरिसक्ने घोषणा सरकारले नेपाल राजपत्रमा सार्वजनिक गरिसकेको अवस्था छ । यो जनगणनाको फारममा धेरै प्रश्नहरुको खण्ड रहेका छन् । ती प्रश्नहरुको खण्ड सबै महत्वपूर्ण रहेको भएता पनि हामी घले जातिका प्रत्येक व्यक्ति वा परिवारहरुले विशेष रुपमा ध्यान दिन पर्ने प्रश्नहरुको खण्ड चाहिँ यो तालिकामा राखिएको छ ।

**परिचयात्मक खण्ड (मुख्यप्रश्नावली) : -**

| गाउँ/बस्ती /टोल भनेको ठाउँमा | परिवारमूलीको नामथरभएको ठाउँमा | जात/जाति के हो ? भनेको ठाउँमा | मातृभाषा कुन हो ? भनेको ठाउँमा | पुर्खाको भाषा कुन हो ? भनेको ठाउँमा | दोस्रो भाषा कुन हो ? भएको ठाउँमा | कुन धर्म मान्नु हुन्छ ? भनेको ठाउँमा |
|---|---|---|---|---|---|---|
| :आफ्नो गाउँकोनाम लेख्ने | उदाहरणको रुपमा:दिनेशकुमार घले (सामारी) | घले | घले | घले | नजिक रहेको आदिवासी जनजातिको भाषा लेख्ने | वौद्ध वा वोन लेख्ने |

**नोट : घले जातिका व्यक्तिहरुले आफ्नो परिवारमूलीको नाम, थर घले पछाडि सामरी, डाँगे,ग्याल्दङ, रिल्दी, घ्यासुङ, पैलाङ, कार्बा, खान, ठिटो, बोङजो, प्रचलनमा जे छ त्यही लेख्ने वा लेखाउन लगाउने ।**

www.ghale.org

उल्लिखित प्रश्नावलीहरुको फारम लिएर तपाँई हाम्रो गाउँ, बस्ती, टोल, शहरमा तोकिएको मितिमा गणकहरु आउनेछन र हामीलाई सोध्नेछन् । ती गणकहरुले सोधिएको प्रश्नहरुको जवाफ तपाँई हामी सबैले अत्यन्तै होसियार भएर प्रश्नहरुको ठिक उत्तर दिनु पर्दछ । आफूले दिएको उत्तर सक्कली मसी भएको कलमले फारममा लेखेको छ वा छैन भनेर रुजु गरी हेर्नु पर्दछ । आफूलाई सोधिएको प्रश्नको उत्तर आफूले ठिक दिएपछि गणकले पनि सोही अनुसारको ठिक लेखेको छ वा छैन भनी उक्त खण्डमा राम्ररी हेर्नु पर्दछ । यद गलत लेखिएको रहेछ भने त्यतिनै बेला गणकलाई सोधी तत्कालै गल्ती लेखिएको ठाउँमा सच्चयाउन लगाउनु पर्दछ ।

माथि तालिकामा लेखिएको प्रश्नहरुको खण्डहरु सर्वाधिक महत्वपूर्ण रहेको छ । यी खण्डहरुलाई हुबहु व्यवहारमा कार्यान्वयन गरी जनगणना २०७८ को तथ्याङ्कको प्रतिवेदनमा नतिजा ल्याउनको निम्ति लि:ल फङ (घले समाज) केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरु, सबै विभागहरु, सल्लाहकारहरु, सबै प्रदेश कमिटीहरु, जिल्ला कमिटीहरु स्थानीय तहका सम्पूर्ण कमिटीहरु र अन्तर्राष्ट्रिय समन्वय समिति एवं विभिन्न देशहरुमा गठन भएका सम्पूर्ण कमिटिहरुलाई यो राष्ट्रिय जनगणना सम्बन्धी कार्यहरु जस्ताको त्यस्तै गर्न र गराउनको निम्ति घले जनसमुदायप्रति हार्दिक अपिल गरिएको छ ।

दिनेशकुमार घले
अध्यक्ष
लि:ल फङ (घले समाज)
केन्द्रीय कार्यालय,
सामाखुशी काठमाडौं नेपाल ।

मिति: २०७७ साल मंसिर १८ गते बिहिबार ।